# परिच्छेद एक : परिचय

## १.१. पृष्ठभूमि

हाम्रो देश नेपाल  विभिन्न जातजाति, धर्म, पेशा, लिङ्ग, वर्ण आदिको सङ्गालो हो । भौगोलिक, धार्मिक, जातीय आदि कारणले हाम्रो देशमा बहुसंस्कृति रहेको छ । यी बहुसंस्कृतिमध्ये हिन्दू धर्मको संस्कृतिको प्रभाव र बाहुल्यता समाजको हरेक पाटा र पक्षमा देख्न सकिन्छ । हिन्दू वर्ण व्यवस्था अन्तर्गत चौथो वर्ग शुद्रलाई परम्परादेखि नै पानी नचल्ने र अछुत भनेर हेला गर्रिंदै आएको इतिहास छ। पाण्डेय (२०६४) का अनुसार “यिनै अछुत भनिएकाहरुलाई वि. सं. २०२४ सालदेखि दलित भन्न थालिएको पाइन्छ” (पृ. ६४)। दलित शब्दको अर्थलाई केलाएर हेर्दा शब्दकोषमा “दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको” भनेर अर्थ लगाईएको पाईन्छ। दलित शब्दको उत्पत्तिको बारे खोज्दा भारतका डा. भीमराव अम्वेडकरले अछुतहरुलाई दलित भनेर सबैभन्दा पहिला सम्बोधन गरेको पाईन्छ।

नेपालको इतिहासमा किरातकालसम्म वर्ण, जातपात, छुवाछुत जस्ता कुरा भएको ऐतिहासिक आधार पाइँदैन । जातपात र वर्ण व्यवस्थाको सुरुवात लिच्छवीकालबाट सुरु भएको पाईन्छ । क्षेत्री तथा रायमाभ्की (२०६०) का अनुसार “लिच्छवीहरुको युग (इस्वी संवत् पहिलो देखि आठौँ सताब्दी) देखि नै वर्ण व्यवस्था अन्तर्गत समाजलाई व्यवस्थित गर्दै पहिलो पटक अभिलेखहरुमा ब्रम्हाण, क्षेत्री, वैश्य, शुद्र र चण्डालसम्मको बारम्बार उल्लेख गरिएको छ” (पृ. १२०) । यसरी नै मल्ल कालमा वर्ण व्यवस्थाले अभ्कै धेरै भ्याांगीने मौका पायो । विश्वकर्मा (२०६३) का अनुसार “राजा जयस्थिति मल्लको शासनकालमा सामाजिक रितिथिति बनाउने नाममा कामको आधारमा गरिएको जातिय छुवाछुत तथा भेदभावको प्रथाले राणाकालिन समयमा अभ्क राम्ररी फस्टाउने मौका पाएको थियो” (पृ.२३७) । पृथ्वीनारायण शाहले नेपाल एकिकरण गरेपछि एकात्मक शासन प्रणालीमा केही सिमित वर्ग र जातिले मात्र राज्यको हरेक क्षेत्रको साधन, स्रोत र अवसरमा

हाली मूहाली गरेको पाईन्छ । शाहकालिन शासन व्यवस्थामा पनि शुद्रहरुलाई जहिल्यै पनि तल पारियो । शाहकालिन शासन व्यवस्थालाई राणाहरुले आफ्नो हातमा लिएपछि पनि छुवाछुत प्रथा र अछुतहरुको अवस्था यथावत नै रहेको थियो । वि. सं. २००७ सालको क्रान्तिले राणा शासनको अन्त्य भएपछि सामाजिक रुपबाट दलित समुदाय प्रति भेदभाव गर्न नहुने व्यवस्था गरी जातीय विभेद र छुवाछुतको अन्त्य गर्ने पहिलो कानुनी व्यवस्था गर्यो । तर यो कानुनी व्यवस्थाले जातीय विभेद र छुवाछुतजन्य व्यवहारको मान्यतालाई अन्त्य गर्न सकेन ।

३० वर्षे पञ्चायती शासन कालमा समेत जातको आधारमा हुने भेदभावको अन्त्य हुन सकेन । २०४६ साल पश्चात आएको बहुदलिय शासन व्यवस्था र हाल विद्यमान अन्तरिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा पनि दलित प्रतिको भेदभाव जीवित नै रहेको अवस्था छ ।

दलितहरुलाई नेपालको इतिहासले सामाजिक, राजनीतिक, आर्थिक रुपले न्याय गरेको देखिदैन । शैक्षिक रुपमा हेर्दा नेपालको आफ्नै समग्र शैक्षिक इतिहास लामो छैन । यस्तो अवस्थामा दलिएका, पिसिएका, हेपिएका, दबाइएका दलितहरुले शिक्षामा पहुँच पक्कै पनि पाएका थिएनन् । पाएका भए पनि उपल्लो वर्गको कृपाको भरमा नगन्य दलितहरुले शिक्षा लिने अवसर पाएका हुन सक्छन् । यसै सन्दर्भमा पराजुली (२०६३) का अनुसार “वास्तवमा हाम्रो देशमा स्कूले शिक्षाको विकास घरानियाहरुले गरेका थिए । त्यसबेला घरानियाहरुको स्कूल अभियानमा दलित तथा पिछडिएका वर्गहरुको भने अत्यन्तै न्यून सहभागिता थियो” (पृ. १३४) ।

नेपालमा २००७ सालको क्रान्ति पछि शिक्षाको ज्योति सर्वत्र छर्ने प्रयास भयो । देशका हरेक कुनामा विद्यालयहरु खोल्ने होडबाजी नै चल्यो । राष्ट्रिय स्तरबाट शिक्षा नीति बनाउने उद्देश्यले अनेकन राष्ट्रिय आयोगहरु गठित भए । सबै प्रतिवेदनले शिक्षामा समान अवसरको कुरालाई उठाए । कुनै पनि नागरिकलाई शिक्षाको उज्यालो घामबाट वञ्चित गर्नु हुँदैन भन्ने नारा लाग्यो । २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुनर्स्थापना पछि बनेको संविधान, नियमावली, विभिन्न योजनाहरुमा दलितका लागि विभिन्न

अधिकारहरु प्रत्यायोजन गरियो । जनआन्दोलन २०६२/०६३ पछि निर्माण भएको नेपालको अन्तरिम संविधान २०६३ ले दलित वर्गको आवाजको कदर गर्दै संविधान प्रस्तावनामै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पूनर्संरचना गर्ने सङ्कल्प गरिएको छ । मौलिक हक अन्तर्गत धारा १४ मा छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हकलाई समावेश गरिएको छ । त्यसै गरी सोही संविधानको धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकमा पनि प्रत्येक समुदायलाई शिक्षा प्राप्त गर्ने अधिकार पुष्टि गरिएको छ ।

यसरी विद्यमान ऐन, नियम, संविधान लगायतका कानुनी प्रावधानलाई हेर्ने हो भने तिनीहरुले कसैप्रति पनि जातीय, क्षेत्रीय, वर्गीय, लिङ्गीय आधारमा भेदभाव नगरेको स्पष्ट हुन्छ । तर हाम्रो समाजमा विद्यमान रितिरिवाजलाई हेर्ने हो भने त्यस्तो पाईदैन । शिक्षा क्षेत्रमा हाल दलितहरुको स्थिति अध्ययन गर्ने क्रममा आहुती (२०६७ ) का अनुसार “नेपालमा दलितको साक्षरता दर १०.७ प्रतिशत छ । दलित महिलाको साक्षरता दर ३.२ प्रतिशत मात्र छ । यद्यपि सम्पूर्ण नेपालीको साक्षरता दर ४८ प्रतिशत रहेको छ । एस. एल. सी. मा सहभागिता १.५, प्रमाण पत्र तहसम्म १ र स्नातक तहसम्म ०.६ प्रतिशत छ” (पृ.२४) । यस तथ्याङ्कलाई हेर्ने हो भने दलितको शिक्षामा पहुँच अत्यन्तै न्यून देखिन्छ । शिक्षा जीवनको ज्योति हो । शिक्षा अवसरहरु उपयोग गराउने सबैभन्दा सशक्त साधन हो । शिक्षा प्राप्त गरेर नै व्यक्तिले समाज र समय सापेक्ष अर्थपूर्ण जीवनयापन गर्ने क्षमताको विकास गर्छ । आजको एक्काइसौं शताब्दीमा विज्ञान र प्रविधिको युगमा, विश्वव्यापीकरणको युगमा शिक्षा बिनाको जीवन पशुतुल्य हुने यथार्थमा कसैको दुईमत हुन सक्दैन । उल्लेखित तथ्याङ्कको आधारमा भन्न सकिन्छ करिब ९० प्रतिशत दलितहरु एक्काइसौं शताब्दीमा पशुतुल्य जीवन बिताउन बाध्य छन् ।

प्रस्तुत अध्ययन गरिने स्थान नेपालको सुदुरपूर्वी जिल्लाको दमक नगरपालिकामा प्राय गरेर दमाई, कामी, सार्की, मुसहर आदि दलितहरु बसोबास गर्छन् । यी लगायत पाण्डेयले नेपालमा २२ थरीका दलितलाई यस प्रकार विभाजन गरेका छन् ।

१. पहाडी दलित : दमाई, कामी, सार्की, गाइने, सुनार, वादी (६) ।

२. तराइवासी दलित : पासवान, लोहार, डोम, चमार, हलखोर, दुसाध, मुसहर, सन्थाल, वातर, खत्वे, तत्मा (११) ।

३. जनजातीय दलित : कसाइ, पोडे, कुसुले, च्यामे, कुचे (५) (पाण्डेय, २०६४ : ६६) ।

नेपालका दलितहरु समग्ररुपमा शिक्षामा अत्यन्तै पछि परेको अवस्थामा रहेका छन् । यस पृष्ठभूमिमा हाल विद्यालय शिक्षामा राष्ट्रिय रुपमा नै प्रत्यक्ष प्रभाव पारिरहेका चलनचल्तीको भाषामा वोर्डिङ्ग स्कूलहरु भनिने तर सरकारी भाषामा संस्थागत विद्यालय भनिने विद्यालयहरुमा दलित विद्यार्थीहरुको सिकाइको अवस्था कस्तो रहेको छ भनि यो शोध अध्ययन गरिएको छ । संस्थागत विद्यालयहरु निजी स्रोतमा संचालित विद्यालयहरु हुन् । यी विद्यालयहरुले स्रोत साधन सरकारबाट प्राप्त गर्दैनन् । यस्ता विद्यालयहरुलाई नीजी विद्यालय पनि भनिन्छ । प्राय निजी विद्यालहरुले छात्राबासको व्यवस्था गरी आवासीय विद्यार्थी पनि राख्ने गरेका हुनाले यस्ता विद्यालयलाई नीजी तथा आवासीय विद्यालय पनि भन्ने गरिन्छ । संस्थागत विद्यालयको प्रमुख आर्थिक स्रोत भनेको विद्यार्थीबाट उठाईने शुल्क नै हो ।

यस्ता विद्यालयहरुको स्थापनाको इतिहासलाई हेर्दा २००७ साल पछाडिदेखि यस्ता विद्यालयहरु खोलिएको पाईन्छ । २०२८ सालसम्म यस्ता विद्यालयहरुको संख्या न्यून रहेको पाईन्छ । २०३७ सालमा तत्कालिन राज्य व्यवस्थाले राज्यबाट आर्थिक सहयोग नपाउने गरी संस्थागत विद्यालय संचालन गर्न पाउने नीति लिए पछि यस्ता विद्यालयहरु एकैचोटि हजारौका संख्यामा स्थापना भए । प्रायः संस्थागत विद्यालयमा अंग्रेजी माध्यममा शिक्षण गरिन्छ । सामुदायिक र संस्थागत विद्यालयको एस. एल. सी. परीक्षाको नतिजालाई तुलना गर्ने हो भने संस्थागत विद्यालय धेरै अगाडि देखिन्छ । प्रत्यक्ष रुपमा अभिभावक प्रति जवाफदेही हुनुपर्ने भएको र चुस्त शैक्षिक व्यवस्थापनको कारण विद्यार्थीका शैक्षिक प्रगतिमा निजी विद्यालयहरु अगाडि रहेको विश्वास गरिन्छ । यस्ता विद्यालयमा जन आकर्षण बढेकै कारण निजी विद्यालयहरुको संख्या द्रुत गतिमा बढेको कुरालाई नकार्न सकिँदैन । यस्ता विद्यालयहरुले सरकारी स्रोत माथिको चाप घट्न गई शिक्षामा हुने

सरकारी व्ययभार केही हदसम्म कम हुने हुँदा बचत भएको रकम शिक्षाको गुणस्तर वृद्धि गर्ने तर्फ लगाउन सकिन्छ भनी राष्ट्रिय शिक्षा आयोग २०४९ ले पनि उल्लेख गरेको छ ।

यस्ता विद्यालयहरुले गुणस्तरीय शिक्षा प्रदान गरी कतिपय विदेशमा पढ्न जाने विद्यार्थीहरुलाई रोकेर देशको धनराशी विदेश जानबाट रोकेको समेत तथ्यलाई बिर्सन सकिँदैन । तर नीजी विद्यालयहरु बढी नाफामूखी भएको, गरिब तथा विपन्न वर्गका छोराछोरीले पहुँच पाउन नसक्ने भएको तथा धनी र संभ्रान्त (Elite) वर्गका छोराछोरीको मात्र पहुँच भएको भन्ने जनगुनासो पनि प्रशस्तै सुन्न र पढ्न पाईन्छ । यसरी नै समाजमा दुई खाले विद्यालयहरु (सामुदायिक र संस्थागत) ले दुई खाले शिक्षा दिई दुई खाले जनशक्ति भई नेपाली जनताबीचमा सामाजिक खाडल सिर्जना गरेको आरोप संस्थागत विद्यालयले खेपीरहेको अवस्था छ । संस्थागत विद्यालयलाई समाज प्रति उत्तरदायी बनाउनकै लागि हुन सक्छ नेपालको शिक्षा ऐन २०२८ को दफा १६ को उपदफा १ बमोजिम भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत नघट्ने गरि तोकिए बमोजिम विभिन्न अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउन पर्ने उल्लेख छ ।

एउटै मुलुकमा बस्ने कुनै पनि जातिगत समुदायको विकासमा कमी आउन साथ समग्र मुलुकको विकासमा नै कमी आउन सक्छ । त्यसैले नेपाल भरी जहाँ बसेको जुनसुकै जाति भए पनि त्यसको समग्र पक्षको विकास गरी मूल प्रवाहमा ल्याउन सकिए देशको विकासमा अवश्य टेवा पुग्न सक्छ । विद्यालय शिक्षा कुनै पनि शिक्षा प्रणालीको आधारभूत अङ्ग हो । हाल देशभरमा संचालित दश हजार संस्थागत विद्यालयहरुले विद्यालय शिक्षामा प्रष्ट रुपमा प्रभाव पारेको अवस्था छ । संस्थागत विद्यालयको योगदानलाई राष्ट्रिय रुपमै स्पष्ट स्वीकार गरिसकिएको छ । २०५८ को जनगणना अनुसार कुल जनसंख्याको १२.९५ प्रतिशत भाग ओगटेको दलितहरुको शैक्षिक अवस्थाबारे कमै चर्चा र अध्ययन अनुसन्धान भएको छ (थपलिया, २०६३ : ६ बाट उदृत) । दलितहरु शिक्षामा पछि परेको अवस्था छ । यस्ता दलितहरुको बारेमा अध्ययनको कमी भएको कुरा केन्द्रीय तथ्याङ्क विभागबाट पनि स्वीकारिएको छ । कुनै पनि आर्थिक अनुदान बेगर राष्ट्रको शिक्षा क्षेत्रमा महत्वपूर्ण भूमिका

निर्वाह गर्ने संस्थागत विद्यालयहरु भित्रको विभिन्न पक्षहरुको पनि नगण्य अध्ययन भएका छन् । यस्तो अवस्थामा दलित बालबालिकाहरुको संस्थागत विद्यालयामा सिकाइ स्थिति सम्बन्धी यो अध्ययन गरिएको छ । यस शोधपत्रमा सिकाइ स्थिति भन्नाले अध्ययन गरिएका संस्थागत विद्यालयहरुमा दलित विद्यार्थीहरुको भर्नाको अवस्था, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था तथा शैक्षिक क्रियाकलापमा सिकाइको अवस्थालाई बुझिन्छ भने यस अध्ययनमा ‘सिकाइ स्थितिलाई’ प्रभाव पार्ने कारण र तत्वहरु र सिकाइलाई अभिबृद्धि गर्ने उपायहरुको समेत खोजी गरिएको छ ।

## १.२. अध्ययन क्षेत्रको परिचय

दमक नगरपालिका नेपालको सुदुर पूर्वी जिल्ला झापाको पश्चिमी सिमानामा अवस्थित छ । विश्व मानचित्रमा यसको अवस्थिति उत्तरी अक्षांश २६° २०' देखि २६° ५०' सम्म र पूर्वी देशान्तर ८७° ३९' देखि ८७° ५०' सम्म रहेको छ । पूर्वमा रतुवा खोला र पश्चिममा मावा खोला यसको सिमानाको रुपमा रहेका छन् । उत्तरमा इलाम जिल्लाको चुलाचुलीदेखि दक्षिणमा रतुवा र मावा खोलाको मिलनविन्दु सेतुमारीसम्म यो नगरपालिका फैलिएको छ । यसको क्षेत्रफल ७,५१३ हेक्टर रहेको छ । यस नगरको मध्य भागबाट पूर्व-पश्चिम महेन्द्र राजमार्ग गएको छ । यस नगरमा जम्मा १९ वडाहरु रहेका छन् । यस नगरका १, १०, ११, १२ र १३ वडाहरु घना बजार क्षेत्रमा पर्दछन् भने अन्य वडाहरु ग्रामीण क्षेत्रमा पर्दछन् । यस नगरपालिकाको प्रमुख नारा “कृषिमा आधारित औधोगिक सहर, आत्मनिर्भर, सुरक्षित, व्यवस्थित र समृद्ध नगर” रहेको छ । यस नगरपालिकामा बसोबास गर्ने अधिकांश जनसमुदायहरुको व्यवसाय मूलतः कृषिमा आधारित छ । अधिकांश जनसंख्या प्रत्यक्ष रुपमा कृषि पेशामा रहेका छन् । बजार क्षेत्रमा साना-साना उद्योगहरु र व्यापार व्यवसाय पनि फष्टाएको देख्न सकिन्छ ।

### १.२.१. बसोबास र जनसंख्याको अवस्था

बसोवासको दृष्टिले यो क्षेत्र निकै पुरानो मानिन्छ । धिमाल, सतार, राजवंशी, कुमाल जस्ता आदिबासीहरुले सबैभन्दा पहिले यस क्षेत्रमा बसोबास गर्न थालेको पाइन्छ । यसपछि

बिस्तारै क्षेत्री, बाहुन, राई, लिम्बू, मगर, गुरुङ्ग, कामी, दमाइ, सार्की जस्ता जातिहरु पहाड र आसामबाट आई यस क्षेत्रमा बसोबास गर्न थालेको पाईन्छ । यस क्षेत्रमा औलोको प्रकोपको कारण अत्यन्तै कम जनसंख्यामा आदिबासीहरुको बसोबास रहेको थियो भने औलो उन्मूलनको कार्यक्रमको थालनी पछि घना रुपमा अन्य जातजातिको पनि यस क्षेत्रमा आगमन भयो । दमकमा बस्तीको विकास वास्तविक रुपमा भन्ने हो भने औलो उन्मूलनपछि मात्र भएको पाईन्छ । दमक नगरमा बसोबास गर्ने जातजातिको आधारमा जनसंख्याको विवरण यस प्रकार छ ।

तालिका नं.-१

विभिन्न जातजातिको दमक नगरपालिकाको जनसंख्या विवरण

| जाति | जनसंख्या | जाति | जनसंख्या | जाति | जनसंख्या |
|---|---|---|---|---|---|
| बाहुन | १५९५० | सुनुवार | ६९६ | दमाई | १६२८ |
| क्षेत्री | १२१२० | कुमाल | ६०० | सार्की | ४५० |
| नेवार | २१२५ | माझी | ४५४ | मुसहर | ५० |
| धिमाल | २८२५ | मुसलमान | ३२५ | दनुवार | ४५ |
| राई | २७६८ | राजवंशी | २६५ | गुरुङ्ग | ४५७ |
| लिम्बू | २९५० | सतार | २५० | अन्य | ५७३९ |
| तामाङ्ग | १६५० | खवास | २५० | - | - |
| मगर | ११०० | थारु | २०० | - | - |
| भूजेल | ९१० | विश्वकर्मा | १८९० | जम्मा | ५५,७२७ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग-२०५८ (दमक नगरपालिका मार्फत)

केन्द्रीय तथ्याङ्क विभागले गणना गरेको २०५८ को जनगणनाको तथ्याङ्क अनुसार दमक नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने जनसंख्या ५५,७२७ देखिन्छ । दमक नगरपालिकाले १ जेष्ठ, २०६६ सालमा प्रकाशित गरेको 'दमक नगरपालिका' भन्ने पुस्तिकामा जम्मा जनसंख्या ७५,१३४ उल्लेख गरेको छ । यसमा महिला ३७,२०१ र पुरुष ३७,९३३ उल्लेख गरेको पाइए पनि विभिन्न जातजातिको विवरण उल्लेख गरिएको छैन । नगरपालिकामा वर्तमान समयको यथेष्ट तथ्याङ्कहरु नभएकोले राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्कलाई नै आधार मान्नुपर्ने परिस्थितिमा यस नगरपालिकामा दलितको संख्या ४०६३ र गैरदलितको संख्या ५१,६६४ रहेको पाईन्छ । दलितको जनसंख्या सम्पूर्ण

जनसंख्याको ७.८% मात्र रहेको पाईन्छ । राष्ट्रिय जनगणना २०५८ अनुसार कुल राष्ट्रिय दलित जनसंख्या १३% रहेका छ । दलित मध्ये पत्थरकट्टा, मल्लिक, डोम, चमार, दास, धोबी जस्ता विभिन्न जनसमुदायको उपस्थिति दमक नगरपालिका क्षेत्रमा रहे पनि यिनीहरुको जनसंख्या विवरणमा स्पष्ट रुपमा उल्लेख नगरी अन्यमा राखिएकोले पनि दलितको जनसंख्या प्रतिशतमा कमी देखिएको सहजै अनुमान लगाउन सकिन्छ । यसका साथै कार्की, घिमिरे, लामिछाने, बराल, गोतामे, पाठक, बोहोरा जस्ता दलित तथा गैरदलित दुवैले प्रयोग गर्ने थरका कारण यी थरहरुलाई भूलवस गैरदलितको महलमा राखिने सम्भावनाको कारणपनि दलित जनसंख्यामा कमि देखिएको हो ।

दलित उत्थानको लागि स्थापना भएको स्थानीय संस्था सिर्जना उत्थान संघका अध्यक्ष मनकुमार गदालका अनुसार दमक नगरपालिकामा भूषाल, रनवैली, पाठक, मल्लार, मल्लिक, चर्मकार, घले, गजमेर, गुइदे, तिकवा, दर्जी, लकान्द्रि, भाले, खिलिङ्गे, तिरुवा, लामिछाने, तिर्वा, घिमिरे, रपाल, माल्वो, सेतीसुरुवाल, रनपहेली, शङ्कर, तेलाङ्गी, हिङमाङ, कुर्मी, वयलकोटी, अछामी, लुहागुन, राम्दाम, पोर्तेल, लावर, गहतराज, शाशङ्कर, बराइली, घतानी, सुन्चुरी, दिपाली, गदाल, गदाईली, खाती, लामगादे, कालीकोटी, पौडेली, महरा, दर्नाल, सिवा, दास, डोम, सुन्दास, वाघदास, परियार, भगराती, लभजेल, कालकोटी, धवलाकोटी, रम्तेल, रोक्का, गजमेर, रसाइली, लुहार, गहनराज, बर्देवा, चार, कार्की ढोली, सूनाम, पाँचकोटी, पत्थरकट्टा आदि थर भएका दलितहरु बसोबास गर्दछन् । चिडीमार र गाइने थरका दलितहरु यदाकदा दमक नगरपालिकामा देखिए पनि यिनीहरुको स्थायी बसोबास यहाँ भएको पाइँदैन । कतिपय आदिवासी र जनजाति दलितहरुले आफूलाई दलितको सूचीबाट हटाउन आग्रह गरेको पनि पाइएको छ ।

### १.२.२. सामाजिक र आर्थिक अवस्था

यो नगरपालिका बहुजाति, बहुभाषी तथा बहुधर्मी जनसमुदायको संगम स्थल हो । यी विभिन्न पृष्ठभूमिका जनसमुदायहरु आपसमा धार्मिक, भाषीक, राजनीतिक सहिष्णुताका आधारमा अनेकतामा एकताको सूत्रमा आवद्ध भएर बसोबास गरेको पाईएको छ । विभिन्न आदिवासी र जनजाति समुदायको आफ्नो सांस्कृतिक तथा धार्मिक संस्कारगत परम्परा

आजसम्म पनि यहाँ जीवित नै देख्न पाइन्छ । यस बाहेक पहाडतिरबाट तथा मुलुक बाहिरबाट यहाँ आई बसोबास गर्ने बाहुन, क्षेत्री, नेवार, मुसलमान, दमाइ, थारु, बँगाली, सार्की, कामी, पोडे, बिहारी आदि जातजातिहरुले पनि आ-आफ्नो सामाजिक मान्यता र धार्मिक परम्परा अनुसार आफ्नो संस्कारलाई जीवितै राखि विभिन्न चाडपर्वहरु मनाउँछन् । यस नगरभित्रका बासिन्दाहरुले मनाउने चाडहरुमा दसैं, तिहार, होलि, ल्होसार, इद, तीज, उंभौली-उंधौली, छट, क्रिसमस आदि हुन् ।

दमक बासीहरुको सामाजिक तथा आर्थिक अवस्था निम्न, निम्न मध्यम र मध्यम वर्गीय रहेको पाइन्छ । यहाँ उच्च मध्यम र उच्च वर्गका दलितहरुको स्थायी बसोबास कम पाइन्छ । यस नगरपालिकामा आर्थिक रुपमा सवल दलितहरुको संख्या अत्यन्तै न्यून छ । सहरी क्षेत्रका दलितहरुको आर्थिक अवस्था ग्रामीण क्षेत्रका दलितहरुको भन्दा तुलनात्मक रुपमा राम्रो रहेको छ । दलितहरुको पेशा, सुनचाँदी पसल, सिलाई, छाला जुत्ताको काम, मजदुरी, जनमन, कृषि, वैदेशिक रोजगार, ड्राईभर, फलामको काम, आदि रहेका छन् । अधिकांश दलितहरुको आफ्नो नाममा जग्गा जमिन छैन । उनीहरु प्राय जसो ऐलानी जग्गामा बस्ने वा अरुको जग्गामा झुप्रो बनाई दुःखले बस्ने गरेको पाईएको छ । सहरी क्षेत्रमा सामाजिक भेदभाव र जातीय छुवाछुतको अवस्था न्यून रहेको छ भने ग्रामीण क्षेत्रमा यस्तो विभेदको मात्रा बढी रहेको छ ।

### १.२.३. शैक्षिक अवस्था

दमक नगरपालिकाको शैक्षिक गतिविधि अवलोकन गर्दा २०१० सालमा एउटा धुले पाठशाला (डिपु स्कूल) बाट सुरु भएको हो । दमकको शिक्षा विकासले आज करिव ६० वर्ष पछाडि एउटा स्नातकोत्तर क्याम्पस स्थापना भएको छ । दमक नगरपालिका कार्यालयको अनुसार यहाँको साक्षरता दर ८८% रहेको छ । यहाँ निम्न अनुसार शिक्षण संस्थाहरु रहेका छन् ।

तालिका नं.-२

दमक न.पा.भित्र रहेका शिक्षण संस्थाहरु

| शिक्षण संस्था | निजी | सरकारी | जम्मा |
|---|---|---|---|
| क्याम्पस | ४ | १ | ५ |
| उच्च मा. वि. | २ | ३ | ५ |
| मा. वि. | १२ | ३ | १५ |
| नि. मा. वि. | ५ | ८ | १३ |
| प्रा. वि. | १० | ६ | १६ |
| प्राविधिक शिक्षालय | ३ | ० | ३ |
| जम्मा | ३६ | २१ | ५७ |

**स्रोत : दमक नगरपालिका तथा दमक स्रोत केन्द्र**

दमक नगरपालिका र स्रोत केन्द्रबाट उपलब्ध तथ्याङ्क अनुसार यसरी ५७ वटा विभिन्न प्रकारका र तहका शिक्षण संस्थाहरु यस नगरपालिकामा रहेका छन् । यस मध्ये १४ वटा संस्थागत उच्च माध्यमिक र माध्यमिक विद्यालय रहेका छन् । कतिपय निजी स्रोतमा संचालित प्राथमिक तहका विद्यालयहरु शिक्षा कार्यालयको अनुमति बेगर नै संचालनमा रहेको पनि पाईएको छ । यस्ता विद्यालयको तथ्याङ्क यहाँ समावेश गरिएको छैन । दमक नगरपालिका क्षेत्रका गैरदलितहरुले शिक्षामा राष्ट्रिय स्तरमा नै महत्वपूर्ण योगदान दिएको पाईएको छ । यसको विपरित दलितहरुको शिक्षामा सहभागिता न्यून पाईएको छ । उच्च शिक्षामा स्नातकोत्तर वा विद्यावारिधी गर्ने दलितहरुको संख्या नगन्य छ । दलितहरु सुस्त गतिमा शिक्षा क्षेत्रमा अगाडि बढिरहेको स्थिति छ । प्राय : दलित बालबालिकाहरु साक्षर भए पछि पढाइ छाड्ने प्रवृत्ति पाइन्छ । न्यून संख्यामा दलितहरु माध्यमिक तह पार गरी उच्च शिक्षाका लागि अगाडि बढेको पाइएको छ ।

## १.३. समस्याको कथन

दलितहरु शैक्षिक, सामाजिक, राजनैतिक, आर्थिक आदि पक्षमा पिछडिएका छन् । यदि दलित समुदायको साँच्चै नै विकास गर्ने हो भने सर्वप्रथम यिनीहरुको शिक्षामा पहुँच सुनिश्चित गर्नु पर्छ । प्रत्येक दलित बालबालिकाले शिक्षा प्राप्त गर्ने अवस्था सृजना गर्न सक्नुपर्छ । विद्यालय भर्ना सम्बन्धी एक विश्लेषणमा ४० प्रतिशत मानिसहरु शिक्षाबाट बाहिरिएका छन् र ती बाहिरिनेमा अधिकांश दलित पर्दछन् (थपलिया, २०६७ : ६) । हाल नेपालमा विद्यालय शिक्षामा संस्थागत विद्यालयहरुले पनि महत्वपूर्ण भूमिका निभाइ रहेको

अवस्था छ । यस अध्ययन गरिएको स्थान दमक नगरपालिकामा सामुदायिक विद्यालयहरुभन्दा संस्थागत विद्यालयको संख्या अधिक रहेको छ । संस्थागत विद्यालयहरुलाई एकातिर हुनेखानेका छोराछोरीहरु मात्र पढाउने विद्यालयको रुपमा आरोप लाग्ने गरेको छ भने अर्कोतिर शिक्षा ऐन र नियमावलीले विद्यार्थी संख्याको न्युनतम १० प्रतिशत दलित र पिछडिएका समुदायका विद्यार्थीहरुलाई निशुल्क शिक्षा दिनु पर्ने व्यवस्था निर्देशन गरेको छ ।

यस प्रसङ्गमा संस्थागत विद्यालय शिक्षामा दलित बालबालिकाको सिकाइको स्थिति अध्ययन गर्न निम्न अनुसार प्रश्नहरु उठाइएको छ । दलित समुदायको जनसंख्या प्रतिशतको आधारमा र गैर दलित विद्यार्थीहरुको संख्याको प्रतिशतको आधारमा संस्थागत विद्यालयमा दलित विद्यार्थीहरु कति संख्यामा छन् ? दलित बालबालिकाहरुको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था कस्तो छ ? दलित बालबालिकाहरुले के-कस्तो सुविधा उपभोग गरेका छन् ? दलित विद्यार्थीहरुको शैक्षिक क्रियाकलापमा सिकाइको अवस्था कस्तो छ ? दलित बालबालिकाहरुको संस्थागत विद्यालयमा सिकाइलाई प्रभाव पार्ने कारण र तत्वहरु के-के हुन सक्छन् ? संस्थागत विद्यालयमा दलित बालबालिकाको सिकाइको स्थिति बढाउन के-के गर्न सकिन्छ ? यिनै पक्षहरुलाई समस्याको रुपमा उठाई यो शोध कार्य गरिएको छ ।

## १.४. अध्ययनको औचित्य

दमक नगरपालिका क्षेत्रमा दलित केटाकेटीहरुले भोग्नु परिरहेका अनेक प्रकारका वहिस्कार र विभेदकाबारे यदाकदा लेखिएका भए पनि सैद्धान्तिक पृष्ठभूमिमा आधारित भएर गरिएका व्यवस्थित अध्ययनहरु पाइएको छैन । शिक्षा प्राप्त गर्नु सबै बालबालिकाहरुको जन्मसिद्ध अधिकार हो । शिक्षामा सबै जातजातिहरुको समान पहुँच नरहेसम्म समग्रमा उन्नतशील, समृद्ध र सभ्य समाजको कल्पना गर्न सकिन्न । नेपालले सबैको लागि शिक्षा (Education for all) भन्ने विश्वव्यापी नारामा आफ्नो प्रतिवद्धता जनाइसकेको अवस्था छ । यसै परिप्रेक्ष्यमा राष्ट्रिय जनगणना २०५८ अनुसार सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक रुपमा पछि परेका नेपालको कुल जनसंख्याको १३ प्रतिशत रहेका दलितहरुको शैक्षिक अवस्थाको अध्ययन अति आवश्यक छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ तथा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले नेपालमा संस्थागत विद्यालयको शैक्षिक भूमिकालाई महत्वको साथ उल्लेख गरेको छ । अध्ययन गरिएको स्थान दमक नगरपालिकामा सामुदायिक विद्यालयको संख्या २० र संस्थागत विद्यालयको संख्या ३० रहेको दमक स्रोत केन्द्रको अभिलेखबाट प्राप्त भएको छ । अर्थात, संस्थागत विद्यालयहरुको संख्या सामुदायिक विद्यालयको संख्याभन्दा अधिक रहेको छ । संस्थागत विद्यालयहरु केवल नाफामुखी मात्र रहेको र यसले नेपाली जनताको सामाजिक खाडल बढाइरहेको आक्षेप पनि संस्थागत विद्यालयले खेपि रहेको अवस्था छ । कोइराला (२०६८) का अनुसार "शिक्षाले सामाजिक खाडल बढाइरहन सक्छ । यसले खाडल जस्ताको तस्तै राखिरहन पनि सक्छ । त्यस्तै खाडल घटाउन पनि सक्छ" (पृ.२०२) । दमक नगरपालिकामा अवस्थित ४ वटा संस्थागत विद्यालयमा दलित बालबालिकाको भर्नाको अवस्था, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था र शैक्षिक क्रियाकलापमा सिकाइ अवस्था अध्ययन गरि संस्थागत विद्यालयले शिक्षा ऐन र नियमावली बमोजिम तथा आफ्नै तरिकाले दलितहरुलाई के- कस्तो सुविधा प्रदान गरेको छ पत्ता लगाउनु, दलित विद्यार्थीहरुको संस्थागत विद्यालयमा सिकाइ कसरी बढाउन सकिन्छ उपायहरु खोज्नु, दलित बालबालिकाको लागि विद्यालय, सरकारी र गैह्रसरकारी निकायहरुले गर्नुपर्ने योगदानको लागि ध्यानाकर्षण गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

## १.५. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न लिखित रहेका छन् ।

क) संस्थागत विद्यालयमा दलित विद्यार्थीहरुको भर्नाको अवस्था, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था पत्ता लगाउनु ।

ख) दलित विद्यार्थीको शैक्षिक क्रियाकलापमा सिकाइको अवस्था तथा यसलाई प्रभाव पार्ने कारक तत्वहरुको पहिचान गर्नु ।

ग) संस्थागत विद्यालयमा दलित विद्यार्थीहरुले उपभोग गरिरहेका सुविधा तथा सहुलियतहरुको विश्लेषण गर्नु ।

घ) संस्थागत विद्यालयमा दलित विद्यार्थीहरुको सिकाइ अभिबृद्धिको लागि उपायहरु सुल्झाउनु ।

## १.६. अनुसन्धनात्मक प्रश्नहरु

निम्न अनुसन्धनात्मक प्रश्नहरु साथ यस अध्ययनलाई अगाडि बढाइएको छ ।

क) दलित बालबालिकाको संस्थागत विद्यालयमा भर्नाको अवस्था, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था कस्तो रहेको छ ?

ख) दलित बालबालिकाको शैक्षिक क्रियाकलापमा सिकाइलाई प्रभावपार्ने कारक तत्वहरु के-के छन् ?

ग) दलित बालबालिकाले के कस्ता विशेष सुविधा र सहुलियत प्राप्त गरेका छन् ?

घ) संस्थागत विद्यालय शिक्षामा दलित बालबालिकाको सिकाइ वृद्धि गर्न के कस्ता उपायहरु अवलम्बन गर्नु पर्ला ?

## १.७. अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको समय, स्रोत र साधनको अभाव तथा अन्य वाध्यताहरुको कारणले ठूलो जनसंख्यामा अध्ययन गर्न असमर्थ भएकोले प्रस्तुत शोधकार्य निम्न सीमाभित्र रहेर तयार गरिएको छ ।

नेपालको सुदुर पूर्वी तराई जिल्ला झापाको दमक नगरपालिका स्थित ४ वटा संस्थागत माध्यमिक विद्यालयमा सिमित रही स्थलगत अध्ययन गरि प्राप्त तथ्याङ्कबाट दलित बालबालिकाको माध्यमिक तहमा भर्ना, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्था र शैक्षिक क्रियाकलापमा सिकाइको अवस्थालाई विश्लेषण गरिएको छ । यसमा सम्बन्धित विद्यालयका प्र. अ., शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानिय बुद्धिजीविहरु तथा दलित संघसंस्थाका पदाधिकारीहरु निश्चित संख्यामा किटान गरि यो अध्ययन गरिएको छ । यो अध्ययन माध्यमिक तहका दलित बालबालिकामा मात्र सिमित रहेको छ । निश्चित क्षेत्र र जनसंख्यामा आधारित भएर यो

अनुसन्धान कार्य गरिएकोले यसका प्राप्ति र निश्कर्षहरुलाई सबै ठाउँ र परिस्थितिहरुमा सामान्यीकरण गर्न सकिने छैन ।

## १.८. पारिभाषिक शब्दहरु

संस्थागत विद्यालयः नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय

दलित बालबालिका : विद्यालय तथ्याङ्क फाराममा दलित जाति भनेर उल्लेख गरिएका जातिका विद्यार्थीहरु

स्थानीय वुद्धिजीवी : स्थानीय विद्यालय तथा क्याम्पसमा बौद्धिक काम गरेर जिवीका चलाउने व्यक्ति

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

शैक्षिक उपलब्धि सम्बन्धि अनुसन्धान तथा लेखहरु, प्रतिवेदनहरु, पुस्तकहरु प्रकाशित भएका छन्, शोधहरु गरिएका छन् जसले यस अध्ययनलाई पुष्टि गर्न मद्दत गरेको छ । यस अध्ययनमा निम्न बमोजिमको सैद्धान्तिक खाका तथा साहित्यहरुको पुनरावलोकन गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान निश्चित समस्या समाधान गर्न तथा नयाँ विषयवस्तु तथा ज्ञानको खोजी गर्ने उदेश्यले गरिन्छ । शैक्षिक अनुसन्धानले शिक्षा क्षेत्रमा भएको समस्याहरुको पहिचान गरि समस्यालाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्दै समस्या समाधानका बाटाहरु पहिल्याउने काम गर्दछ । भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक कारणहरुले विभिन्न क्षेत्रका शैक्षिक समस्याका प्रकृतिहरु फरक हुन सक्छन् । विभिन्न ठाउँहरुमा शैक्षिक अनुसन्धान गर्दा विभिन्न प्राप्तिहरु र निश्कर्षहरु प्राप्त हुन्छन् । तथापि, यस्ता अनुसन्धानहरुको अध्ययनले पहिले भएको खोजको मूल्याङ्कन गर्न सहयोग हुन्छ । विविध विषयमा समय समयमा प्रकाशित अनुसन्धानात्मक लेख, प्रतिवेदन तथा जर्नलहरुबाट अनुसन्धानकर्ताले सम्बन्धित क्षेत्र तथा विषयवस्तुका बारेमा धेरै जानकारी पाउँछ । सन्दर्भ साहित्यको अध्ययनबाट अध्यताले सम्बन्धित विषयवस्तुको बारेमा जानकारी लिने, नयाँ विषयवस्तु खोज्ने र त्यस्ता विषयवस्तुको गहिराइमा पुग्ने प्रयास गर्दछ । तसर्थ प्रस्तुत शोधकार्यको थालनी पूर्व निम्न सान्दर्भिक पूर्व साहित्यको पुनरावलोकन गरिएको छ ।

भट्ट (२०६६) ले सुदुर पश्चिमाञ्चल क्षेत्रको महाकाली अञ्चलको विकट पहाडी जिल्ला दार्चुलाको 'माध्यमिक विद्यालयमा दलित तथा गैर दलित छात्राहरुको उपलब्धिस्तर' भन्ने विषयमा शोध अध्ययन गर्नु भएको थियो । अध्ययनको क्रममा गैर दलित छात्राहरुको तुलनामा दलित छात्राहरुको उपलब्धि स्तर अत्यन्त न्यून पाइएको थियो । अनिवार्य गणित विषयमा दलित छात्राहरुको सबैभन्दा कम उपलब्धि स्तर थियो । घरपायक विद्यालय नभएका कारणले छात्राहरुको उपलब्धि स्तरमा प्रभाव परेको, दलित छात्राहरुको उपलब्धि

स्तरमा कम आउनुको मुख्य कारण सामाजिक असमानता तथा भेदभाव रहेको, गरीब तथा अशिक्षित अभिभावक, छात्राहरुको लजालुपन आदि रहेको प्राप्तिहरु उल्लेख गरिएको छ (भट्ट, २०६६) ।

आजको शैक्षिक र वैज्ञानिक युगमा समेत दलितहरुले शिक्षाको महत्व बुझ्न नसकेको र सरकारले दिएको विभिन्न सुविधाहरुको उपयोग गर्न नसकेको उक्त अध्ययनले देखाएको छ ।

थपलिया (२०६७) ले पूर्वी पहाडी जिल्ला तेह्रथुम अन्तर्गत चुहानडाँडा गा. वि. स. का 'दलित बालबालिकाहरुको शैक्षिक अवस्था' भन्ने विषयमा शोध अध्ययन गर्नु भएको थियो । अध्ययनको क्रममा प्राप्त भएका विभिन्न तथ्याङ्क र सूचनाको आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गर्दा दलितहरुको विद्यालय पहुँच विस्तारमा अझै पनि न्यून रहेको पाइयो । यस्तै जातिगत आधारमा छुवाछुतको सङ्केत प्राय हट्दै गएको देखिए तापनि प्रत्यक्ष रुपमा यसका अवशेषहरु रहिरहेकोले दलित र गैरदलित बीच समान व्यवहार प्राय देख्न सकिएन । तर पनि गैरदलित समुदायका बालबालिका विद्यार्थीहरुले दलित विद्यार्थीलाई सिक्ने कुरामा सहयोग गरेको र शिक्षकले पनि समान व्यवहार गरेको पाइयो (थपलिया, २०६७) ।

उक्त शोध अध्ययनमा दलित समुदायका बालबालिकाहरुको विद्यालयमा कम सहभागिता हुनुमा मुख्य गरी चेतनाको कमी, आर्थिक अभाव, घरमा शैक्षिक वातावरण नहुनु लगायतका छन् । यस्तै दलित बालबालिकाहरुको विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापमा पनि कम सहभागिता देखियो ।

भट्ट (२०६७) ले कञ्चनपुर जिल्लाको 'विद्यालय शिक्षामा दलित बालबालिकाको पहुँच' भन्ने विषयमा शोध अध्ययन गर्नु भएको थियो । यस अध्ययनलाई उहाँले संभावनायुक्त नमूना छनौट विधि अपनाई कञ्चनपुर जिल्ला अन्तर्गर्त भीमदत्त नगरपालिकामा संचालित ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गर्नु भएको थियो । तथ्याङ्क तथा राय सङ्कलनका लागि उत्तरदाताको रुपमा ३ जना प्र. अ., ६ जना शिक्षक-

शिक्षिका, १२ जना अभिभावकहरु, ९ जना स्थानिय बुद्धिजीवीहरु, ९ जना व्यवस्थापन समितिका पदाधिकारीहरु, १८ जना अध्ययनरत दलित र १८ जना गैर दलित विद्यार्थीहरु, ६ जना विद्यालय छाडेर घरैमा बसेका दलित विद्यार्थीहरु गरी जम्मा ९० जना उत्तरदाताहरुलाई माध्यमिक विद्यालयमा दलित बालबालिकाहरुको पहुँच सम्बन्धि अन्तरवार्ता प्रश्नावली गरिएको थियो (भट्ट, २०६७) ।

यस अध्ययन कार्यबाट तोकिएको क्षेत्र भित्र बसोवास गर्ने दलित बालबालिकहरुले अन्य गैरदलित बालबालिकाको तुलनामा विद्यालय शिक्षाको अवसर कम मात्रामा गरेको देखियो । दलितहरु शिक्षा प्राप्त गरी आ-आफ्नो ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रयत्नशील रहेको देखियो । दलितहरुलाई माध्यमिक तहको विद्यालय शिक्षामा सहभागी गराउन हाम्रो सामाजिक सांस्कृतिक तथा परम्परागत सोच र दलितहरुमा रहेको गरिबीपनको प्रमुख कारक तत्वको रुपमा रहेको पाइयो ।

परियार, (२०६३) ले "के दलितहरुले अपेक्षित प्रतिफल पाउलान् त अब ?" शिर्षकको लेखमा दलितहरुको शैक्षिक स्थिति अत्यन्त कमजोर भएको तथ्यलाई उजागर गर्नु भएको छ। उहाँका अनुसार नेपालमा कुल जनसंख्याको २० प्रतिशतको हाराहारीमा रहेको दलितहरुको आर्थिक, सामाजिक र शैक्षिक अवस्था ज्यादै नै पिछडिएको छ । भूमि र प्राकृतिक स्रोतहरुमा दलितहरुको पहुँच नहुँदा आर्थिक अवस्था ज्यादै नै नाजुक छ भने जातीय विभेद र छुवाछुत जस्तो अमानविय क्रियाकलापले यो समुदाय समाजमा अपहेलित जीवन जीउन वाध्य छ । सन् २००१ को तथ्याङ्क अनुसार नेपालको कुल साक्षरता प्रतिशत ५४ प्रतिशत छ भने दलितहरुको साक्षरता प्रतिशत राष्ट्रिय औसत भन्दा ज्यादै कम (तराईका दलितहरुको २१ प्रतिशत तथा पहाडका दलितहरुको ४२ प्रतिशत) रहेको छ । सन् १९९१ र सन् २००१ को बीचमा दलित महिला तथा पुरुषहरु दुवैको साक्षरता दर झण्डै १० प्रतिशतले वृद्धि भए पनि दुई तिहाइ दलित महिलाहरु अझै निरक्षर छन् । यसले दलितहरुको शैक्षिक अवस्थालाई प्रष्ट पार्दछ (परियार, २०६३) ।

प्रश्रित (२०६३) ले "मानवताको कलङ्क : जातपात र छुवाछुत प्रथा" शिर्षकको लेखमा दलितहरु शैक्षिक र सांस्कृतिक रुपमा पछाडि परेको पक्षलाई उजागर गर्दै यिनीहरुको

उत्थानका लागि सुधारका उपायहरु औल्याउनु भएको छ । उहाँका अनुसार पहिलो कुरा उनीहरु युगौदेखि शिक्षाबाट बञ्चित भए । अहिले पनि गरिबी र अचेतनाको कारणले गर्दा उनीहरुका ज्यादै थोरै केटाकेटी मात्र विद्यालय जान थालेका छन् र एकदम नगण्यले मात्र उच्च शिक्षा हासिल गरेका छन् । यिनीहरुको अत्यधिक ठूलो संख्या विद्यालयदेखि बाहिरै छ । नेपालका अधिकाँश अविकसित ठाउँहरुमा विद्यालय गएका नानीहरुमाथि पनि ज्यादै भेदभाव, हेला र अछुत जस्तो व्यवहार गरिँदैछ । स्कूल जानेहरु पनि ठूलो संख्यामा चार-पाँच या आठ-दश कक्षाबाट पढाइ छाड्छन् । परम्परादेखि कठोर शारीरिक श्रम, मद्यपान, बासी खाना, अशिक्षा आदिको जकडनमा परेकोले उनीहरुको ठूलो संख्यामा साँस्कृतिक चेतना पनि कमजोर छ । उनीहरु अहिले पनि सरसफाई, शौचालय आदिको बारेमा अलि उदासिन छन् । जति गरे पनि समाजबाट उपेक्षित हुनुपर्ने हुनाले उनीहरुलाई शिक्षित, सुसंस्कृत हुने कुरामा पनि जाँगर कम भएको देखिन्छ (प्रश्रित, २०६३) ।

विश्वकर्मा (२०६३) ले "दलित समुदायको शिक्षामा पहुँच" शिर्षकको लेखमा दलितहरुलाई युगौंदेखि शारीरिक र मानसिक रुपमा समाजले शोषण गरेकोले यिनीहरु शिक्षामा पछि परेको पक्षलाई प्रकाश पार्नु भएको छ । उहाँका अनुसार परम्परागत रुपमा दलित समुदायले कुनै पनि शिक्षालयमा गइ शिक्षा आर्जन गर्न पाउँदैन थिए । कथित पानी नचल्ने भनि भनिएका जातीहरुको मुख्य काम केवल माथिल्लो जातीको सेवा गर्नु मात्र रहेको थियो । जसअनुसार लुगा सिलाएर, गरगहना बनाएर, सरसफाइ गरेर, गीत संगित मार्फत मनोरञ्जन दिएर उनीहरुले समाजलाई सेवा पुऱ्याउँथे । यस्ता आधारभूत सेवाहरु गर्नका लागि सामाजिक नियम बनाइएको थियो, जसअनुसार यी सेवाहरुमा दलित समुदाय पनि निपूण बन्दै गए । शारीरिक सेवामा मात्र उनीहरु तल्लिन भए पछि मानसिक विकास कम भयो र राजनीति, इतिहास, विज्ञान आदिबाट वञ्चित गराउँदै ल्याइयो, जसको परीणाम आजसम्म पनि दलित समुदायको शिक्षामा पहुँच कम रहेको छ (विश्वकर्मा, २०६३) ।

विश्वकर्मा (२०५८) ले "अब हामी कता........?" शिर्षकको लेखमा दलितहरुलाई अन्य जातजाति सरहको स्थितिमा पुऱ्याउन आरक्षण दिनुपर्ने कुरामा जोड दिनु भएको छ ।

उहाँका अनुसार शिक्षामा पछाडि पार्नु भनेको त्यो समुदायलाई हरेक अवसरबाट पछाडि पार्नु हो । नेपालमा दलित समुदायलाई इतिहासको लामो कालखण्डमा शिक्षाको अवसरबाट वञ्चित गरिएको र राज्यको कानुन र समाजले समेत भेदभावपूर्ण व्यवहार गर्दै आएकोले दलित वर्गले मानवोचित दायराभित्र आफ्नो व्यक्तित्व र प्रतिभाको विकास गर्ने अवसरबाट वञ्चित भए, अपहेलित भए, भेदभावपूर्ण व्यवहारमा जेलिए । त्यसैले यो समुदायको चौतर्फी विकास र कल्याणको लागि आरक्षण पहिलो माग हुन आएको छ । त्यसमा दलित वर्गको शैक्षिक क्षेत्रमा आरक्षण तुरुन्तै शुरु गर्नु पर्दछ । यो समयको माग हो (विश्वकर्मा २०५८) ।

कोइराला (२०५८) ले “नेपालका दलित र तिनको शिक्षा : एक अध्ययन” शिर्षकमा दलितहरुको शिक्षा प्रतिको धारणा न्यून रुपमा भएपनि सकारात्मक भएको उल्लेख गर्नु भएको छ । उहाँका अनुसार अनेकन बाध्यताका वावजुत पनि वुँकोट गा. वि. स. का दलितहरुले विद्यालय प्रति सकरात्मक धारणा लिएका छन् । शिक्षकहरुले राम्ररी पढाएनन् भन्ने गुनासो गर्छन् र पढेर जागिर पाइएन भन्ने भनाइ व्यक्त गर्छन् तापनि नपढेको कारण आफू र आफ्नो समाज पछि परेको कुरा महसुस गर्छन् । वर्तमान अवस्थामा भए गरेको कार्यमूलक (functional), समालोचनामूलक (critical) एवं अर्थमूलक (interpretive) शैक्षिक अध्ययन र अनुसन्धानलाई केहि हदमा चुनौति दिने खालको दृष्टिकोण वुँकोटका दलितले राखेका छन् । उनीहरुको विचारमा हालको पढाइले जातिय विभेद र छुवाछुत हटाउने काम गरेको छ । केही दलितहरुलाई गाउँ बाहिरको रोजगारीसम्म पुग्न सक्षम बनाएको छ । दलित स्वयंलाई परिवर्तनको हिमायती बनाएको छ । उनीहरुको जीवन शैलीमा संस्कृतिकरण (sanskritilization) गर्न सकेको छ (कोइराला, २०५८) ।

कोइराला (२०६८) ले “दलित वस्तीको शिक्षा” शिर्षकको लेखमा नेपालको शिक्षा नीति कमजोर भएको पक्षलाई औंल्याउदै बस्ती बस्तीमा गएर अवलोकन गरेर कसरी पिछडिएका दलितहरुलाई शिक्षामा पहुँच दिन सकिन्छ भन्ने बारेमा उल्लेख गर्नु भएको छ । उहाँका अनुसार अहिले नकमाए अहिलै खान पाउँदैनन् । अहिले नपढे भविष्यमा खान पाउँदैनन् ।” गोर्खाका धनजीत सार्कीको भनाइ हो यो । उनको भनाइले दलितको समस्या चिनाएको

छ । किन केटाकेटी पढाएनन् भन्ने कुरो वोध गराएको छ । तर नेपाली चिन्तकहरुले यो कुरा बुझ्नेनन् । बुझ्नेको भए महात्मा गान्धीले सोचेको जस्तो वार्धा शिक्षा प्रणाली चल्थ्यो । माओत्सेतुङले बनाएको जस्तो आधाकाम आधा पढाइ गर्ने विद्यालय खुल्थ्यो । पाश्चात्य देशले गरिब वस्तीहरुमा चलाएको जस्तो खान पनि दिने विद्यालय जन्मन्थ्यो । माओले उत्तरी क्षेत्रमा गरेको जस्तो आवासीय विद्यालय मौलाउँथ्यो । तर त्यस्तो केहि भएन । बरु टालटुले काम भयो । त्यो हो केहि विद्यालयहरुमा दिउँसोको खाजा दिने र केही दलितहरुलाई छात्रवृत्ति दिने (कोइराला, २०६८) ।

कोइराला (२०६८) का अनुसार सामाजिक संरचना र नेपाली संस्कारले दलितहरुलाई अशिक्षित राख्यो । त्यसैले प्रजातन्त्र आएको सांढे चार दशक बित्दा पनि दलितहरु अझै निरक्षर रहे । राज्यले पनि सामाजिक संरचना र नेपाली संस्कारकै पृष्ठ पोषण गऱ्यो । यसैले अव दलित वस्तीहरुमा अनिवार्य शिक्षा लागु गर्नुपर्छ । पढ्न नचाहने प्रौढलाई छलफल कक्षा चलाउनु पर्छ । वेफुर्सदिलाहरुको लागि छोटो अवधिको कक्षा संचालन गर्नुपर्छ । फुर्सदिलालाई स्कूल धकेल्नु पर्छ । बीचमै पढाइ छाड्नेलाई खुला शिक्षालयबाट निरन्तर शिक्षा दिनु पर्छ । आर्थिक कारणले पढ्न छाड्नेलाई गा. वि. स. पिच्छे, जिल्ला पिच्छे अनिवार्य रुपमा दलित शिक्षाकोष खडा गर्नुपर्छ । पढेका दलितहरुलाई रोजगारीको व्यवस्था गर्नुपर्छ । स्वरोजगारी तालिम र उद्यमीमा आधारित तालिम दिनुपर्छ ( पृ.५२४) ।

सेरिड (१९९७) ले "दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरु" शिर्षक अन्तर्गत गरेको अध्ययन अनुसार दलित जातिभित्र विभिन्न खाले शैक्षिक तथा सांस्कृतिक समस्या रहेका र तिनका समाधान नभएसम्म जातीय छुवाछुत अन्त्य नहुने कुरा स्पष्ट पार्दै दलित भित्रका शैक्षिक र सांस्कृतिक समस्या समाधानका वैकल्पिक उपायहरु देखाएको छ । जुन उपायहरुमा दलित शिक्षक भर्ना गर्ने, उनीहरुलाई दलितमुखी तालिम दिने, दलित केटाकेटीबीच कक्षामा अन्तरक्रिया गराउने, दलित नेतृत्वको विकास गराउने, दलित वस्तीमा जातीय लक्ष्यमा आधारित शैक्षिक कार्यक्रमको विस्तार गर्ने भनि सुझाव दिइएको थियो (सेरिड, १९९७) ।

सेभ द चिल्ड्रन USA द्वारा वि. सं. २०५० सालमा दलित समुदाय सम्बन्धि अध्ययन गरिएको थियो । दलितहरुको बारेमा भएको उक्त विस्तृत अध्ययनमा ५ जिल्लालाई समेटिएको थियो, जसमा झापा, चितवन, कास्की, सुर्खेत र कैलाली थिए । ५ जिल्लामा विभिन्न २२ समुदायका १,०२२ परिवार भित्र ३,२५८ पुरुष र ३,३१४ महिला गरी जम्मा ६,५७२ जनसंख्या रहेकोमा जम्मा दुई जना वि. ए. पास, २१ जना आइ. ए. पास र ४५ जना मात्र एस. एल. सी. पास रहेको देखिएको थियो । यो अध्ययनले वयस्क १०.६% मात्र साक्षर रहेको जसमा ७.४ पुरुष र ३.२ महिला रहेको देखिएको थियो । अध्ययनले प्राथमिक तहमा १७.३०% केटा र १०.४% केटी अध्ययनरत देखाएको थियो । यसरी हेर्दा प्राथमिक शिक्षामा दलितहरुको केही अभिरुची देखिए पनि उच्च शिक्षा तर्फ दलित उपस्थिति ज्यादै न्यून रहेको देखियो (थपलिया, २०६७ : १३ बाट उद्घृत) ।

दलितहरुको शिक्षामा भर्ना र सिकाइ उपलब्धि सम्बन्धि विभिन्न प्रकाशित र अप्रकाशित साहित्यलाई अध्ययन गर्दा दलितहरुको शिक्षामा पहुँचको अवस्था कमजोर रहेको देखिन्छ । दलितका समस्याहरु ठाउँ र सामाजिक परिवेश अनुसार केही फरक भए पनि समग्रमा दलितहरु अझ पनि दलिएको र पिल्सिएकै अवस्थामा रहेको विभिन्न अध्ययनहरुले देखाएका छन् । यसै सन्दर्भमा यो अध्ययन पूर्वी तराई जिल्ला झापाको दमक नगरपालिका स्थित संस्थागत विद्यालयमा केन्द्रित रही गरिएको छ । यो अनुसन्धान कार्य पूर्व स्थापित मान्यताको आधारमा नै रहेर गरिने भए पनि यसको आफ्नै विशिष्टता हुनेछ ।

## २.२. सैद्धान्तिक खाका

यस अध्ययनलाई अगाडि बढाउनको लागि सजिलो होस् भन्ने उद्देश्यले निम्न सैद्धान्तिक खाकाको आधार सहित पुनरावलोकन गरिएको छ ।


### क) सहभागितापूर्ण सिकाइ सिद्धान्त :

सन् १९८० मा शिक्षाशास्त्री पाउलो फ्रेरेले यस सिद्धान्तको प्रतिपादन गरेका हुन् । यस सिद्धान्त अनुसार समाजका विभिन्न जाति, वर्ग र समुदायका मानिसहरुले आ-आफ्नो समुदायको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक पक्षका आधारमा आफ्नो जीवन

यापनको कामको खोजीमा लाग्नु हो । अर्थात, सहभागी हुनलाई उनीहरुसँग भएका कमि कमजोरी हटाउँदै क्रियाशिल बनाउन प्रेरित गर्नु हो । विद्यार्थीको सक्रिय भूमिका भनेको आफूले छानेको काम आफ्नै गतिमा अघि बढाउने र कामको दौरानमा प्राप्त अनुभवहरुलाई सकरात्मक क्रियामा लगाउन सक्नु हो । शिक्षण सिकाइको प्रयोग भनेको आफूले सिकेका ज्ञान र सिपलाई आफ्नै जीवनका विविध कामहरुमा लगाउनु र कमि कमजोरी पत्ता लगाउनु हो । यस सिद्धान्तले आवश्यक सूचनाहरुको प्रस्तुति र विश्लेषण गर्न सक्ने, योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन सक्ने, पिछडिएका जाति जनजाति र महिला दलितलाई कार्यक्रममा सहभागी बनाई आफूलाई मनमा लागेका अभिव्यक्तिहरु स्वतन्त्रतापूर्वक बाहिर ल्याउने र छलफलमा राख्ने कुरा प्रति अभिप्रेरित गर्ने तर्फ जोड दिएको पाइन्छ । जसले सिकारु सिक्नको लागि स्वतःस्फूर्त रुपमा तयार हुन्छ । यसलाई यस अध्ययनसँग सम्बन्धित संस्थागत विद्यालय शिक्षामा दलित बालबालिकाको सिकाइ वृद्धि गर्ने आधार प्रदान गर्ने सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

### ख) मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त

यसलाई आवश्यकतामा आधारित सिद्धान्त पनि भनिन्छ । यो सिद्धान्तको प्रतिपादन अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले सन् १९४३ मा गरेका थिए । मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात् पनि अन्य थप इच्छा, आवश्यकता र चाहना थप भैरहन्छ । मानिसका कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन, जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्छ । मानिसको अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् जसलाई एक निश्चित क्रमवद्धताको आधारमा छुट्याउन सकिन्छ । मास्लोले निम्न स्तरको धेरै आवश्यकताको परिपूर्ति पछि प्राथमिक क्रमको आधारमा उच्च स्तरको आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा राखेका छन् । मास्लोले मानिसको आवश्यकतालाई श्रृंखलावद्ध तवरले निम्न ५ श्रेणीमा बिभाजन गरेका छन् ।




दलितहरु आर्थिक रुपले पिछडिएका छन् । उनीहरुलाई गाँस, बास, कपास, स्वास्थ्य आदि आधारभूत पक्षहरुको आवश्यकता छ । यी आवश्यकताको परिपूर्ति पछि मात्रै उनीहरुको शिक्षामा पहुँच पुग्दछ । आर्थिक र भौतिक रुपले सुरक्षित भए पछि मात्र उनीहरु शिक्षाको बारेमा सोच्न सक्दछन् । सुरक्षित बस्ने स्थान, स्वास्थ्यको न्युनतम सुरक्षा, कम्तिमा कपि, कलम, किताब, टिफिन खाने पकेट खर्च आदिको आर्थिक सुरक्षाको जरुरी हुन्छ शिक्षामा पहुँच पुऱ्याउन तथा सिकाइ अभिबृद्धि गर्न । शारीरिक र सुरक्षत्माक आवश्यकताको परिपूर्ति पश्चात् दलित विद्यार्थीहरुलाई सामाजिक संलग्नता तथा मान्यता बढाउने, मित्रवत व्यवहार गर्ने, अपनत्व बढाउने, माया, ममता र स्नेह आदान प्रदान गर्ने, हामी अछुत जातका हौँ भन्ने हिन भावनाबाट मुक्त गर्ने कार्यतर्फ उत्प्रेरित गर्न सकिन्छ । सामाजिक आवश्यकताको परिपूर्ति पछि आफ्नो मान सम्मान, स्वाभिमान, शक्ति, प्रतिष्ठा, मर्यादा, प्रशंसा, पुरस्कार आदिको आवश्यकताको लागि दलितहरुलाई उत्प्रेरित गर्न सकिन्छ । यसलाई स्वाभिमानको आवश्यकता भन्न सकिन्छ । आवश्यकताको श्रृंखलाको चरमचुलीमा व्यक्तिमा आत्मसन्तुष्टि, आत्मगौरव, आत्मवोधको चाहना हुन्छ । व्यक्तिको विभिन्नता अनुसार यो फरक फरक हुन सक्छ । कसैले उच्च स्तरको पुरस्कार पाउँदा, सृजनात्मक कार्य गर्दा, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरीय प्रतिस्पर्धामा विजयी हुँदा यस्तो आत्मानुभूति प्राप्त हुनसक्छ । दलित विद्यार्थीहरुलाई यस उच्च किसिमको आत्मसन्तुष्टिको आवश्यकताको लागि पनि उत्प्रेरित गर्नु पर्दछ । संस्थागत विद्यालयका संचालकहरु, प्रिन्सिपल, शिक्षक, व्यवस्थापन समिति, गैरदलित विद्यार्थीहरु, अभिभावकहरु तथा सम्बद्ध सम्पूर्ण सरकारी र गैह्र सरकारी निकायहरुले सामाजिक दायित्व वोध गरी दलित

विद्यार्थीहरुलाई मास्लोले निर्देशित गरेको श्रृंखलावद्ध आवश्यकताहरुको वोध गराई उत्प्रेरणा तथा सहयोगको हात बढाएमा दलित विद्यार्थीहरुको संस्थागत विद्यालयमा सिकाइ अभिबृद्धि गर्ने आधार सिर्जना गर्न  सकिन्छ । यस अर्थमा मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

## २.३. शैक्षिक उपादेयता

शिक्षामा सबै जातजातिको समान पहुँच नरहेसम्म समग्रमा उन्नतशील, समृद्ध र सभ्य समाजको कल्पना गर्न सकिन्न । शिक्षा प्राप्त गर्नु सबै मानवको जन्मसिद्ध अधिकार हो भन्ने विश्वव्यापी मान्यता रहि आएको छ । नेपालले सबैको लागि शिक्षा (२०१५) मा आफ्नो प्रतिवद्धता जनाइ सकेको छ ।

विभिन्न अध्ययनहरुले राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक रुपले पछि परेका दलितहरुको शैक्षिक अवस्था अत्यन्त दयनीय रहेको देखाएको छ । नेपालको वर्तमान अवस्थामा विद्यालय शिक्षामा महत्वपूर्ण स्थान ओगट्न सफल रहेको संस्थागत विद्यालयको अन्तरवस्तुबारे कम मात्र अध्ययन भएको अवस्था छ । संस्थागत विद्यालयहरुले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको भन्ने आम नागरिकहरुको भनाइ एकातिर छ भने हुने खाने र सँभ्रान्त (Elite) वर्गको छोराछोरी मात्र पढ्ने नाफामुखी र शिक्षामा व्यापारीकरण गरेको भन्ने आरोप पनि यस्ता विद्यालयहरुले खेपिरहेको छ ।

सामाजिक दायित्वको जिम्मेवारी वहन गराउने हिसावले नेपाल सरकारले शिक्षा ऐन र नियम मार्फत विभिन्न वाध्यकारी प्रावधानहरु संस्थागत विद्यालयका लागि निर्देशन गरेको छ । १० प्रतिशत दलित र गरीब विद्यार्थीहरुलाई निशुल्क शिक्षा प्रदान गर्नु पर्ने एउटा यस्तै प्रावधान हो । मासिक शुल्क छुट दिँदैमा के दलितहरु आफ्नो बालबालिकालाई संस्थागत विद्यालयमा पढाउन सक्षम हुन्छन् ? दलित बालबालिकाहरु के कति संख्यामा संस्थागत विद्यालयमा अध्ययनरत छन् ? संस्थागत विद्यालयमा दलित बालबालिकाहरुको सिकाइको अवस्था कस्तो छ ? दलितहरुको कल्याण गर्न स्थापित विभिन्न सरकारी र गैर सरकारी निकायले दलितहरुको संस्थागत विद्यालयमा सिकाइ अभिवृद्धि गर्न के कस्ता

भूमिका खेलेका छन् ? आदि प्रश्नहरुको जवाफ खोजी गरी दलित विद्यार्थीहरुको संस्थागत विद्यालयमा सिकाइ बढाउन यस अध्ययनले योगदान दिने छ । दलित बालबालिकाहरुको संस्थागत विद्यालयमा सिकाइको स्थिति शीर्षकमा गरिएको यस शोधपत्रले समग्र रुपमा दलितहरुको शिक्षामा सिकाइ अवस्था न्यून देखिएको छ । यस शोधपत्रले दलित बालबालिको संस्थागत विद्यालयमा सिकाइ न्यून हुनका कारक तत्वहरु पहिचान गरि यिनीहरुको सिकाइ वृद्धि गर्ने उपायहरु सुझाउन मद्वत गर्ने छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१. अनुसन्धानात्मक ढाँचा

अनुसन्धानको लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना र तयारी बिना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार पारिने वृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धनात्मक ढाँचा भनिन्छ । सङ्कलित सूचनालाई पूर्ण रुपले गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको हुनाले यस शोधपत्रको अनुशन्धानात्मक ढाँचा गुणात्मक रहेको छ ।

## ३.२. जनसंख्या र नमूना

कुनैपनि अनुसन्धान कार्य गर्न जनसंख्याको प्रयोग गरिन्छ । अनुसन्धानकर्ताको आवश्यकता अनुसारका एकै किसिमका विशेषताहरु मिल्ने व्यक्तिहरुको समूहलाई जनसंख्या भनिन्छ । नमूना जनसंख्याबाट झिकिएको एक सानो समूह हो, जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ ।

### ३.२.१. जनसंख्या

यस अध्ययनको जनसंख्याको रुपमा झापा जिल्लाको दमक नगरपालिकामा संचालित जम्मा ३० वटा संस्थागत विद्यालयका प्रिन्सिपलहरु, शिक्षकहरु, दलित तथा गैर दलित विद्यार्थीहरु, अभिभावकहरु, स्थानीय वासिन्दाहरु, दलित संघ-संस्थाका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु तथा स्रोत व्यक्ति समेत रहेका छन् ।

### ३.२.२. नमूनाको आकार

यस अध्ययनका लागि छनौट गरिएका नमूनाको आकार यस प्रकार रहेको छ । दमक नगरपालिकामा संचालित जम्मा ३० वटा संस्थागत विद्यालयहरु मध्ये जम्मा ४ वटा विद्यालयहरु छनौट गरिएको छ ।

### ३.२.३. नमूना छनौटको विधि

यस अध्ययनको लागि उद्देश्यमूलक नमूना छनौट (purposive sampling) विधि र सामान्य संभावनायुक्त नमूना छनौट विधि अपनाइएको छ । दमक नगरपालिकामा संचालित ३० वटा संस्थागत विद्यालयहरु मध्ये १४ वटा माध्यमिक विद्यालयहरु रहेका छन् । यसमा ४ वटा विपरीत दिशामा अवस्थित संस्थागत माध्यमिक विद्यालयहरु चयन गरिएको छ ।

तथ्याङ्क तथा राय सङ्कलनको लागि उत्तरदाताको रुपमा ४ जना प्रिन्सिपल, १२ जना शिक्षक-शिक्षिका, १२ जना व्यवस्थापन समितिका पदाधिकारीहरु, ३ जना स्थानीय बुद्धिजीवीहरु, माध्यमिक तहमा अध्ययनरत सम्पूर्ण दलित विद्यार्थीहरु जम्मा १३ जना, त्यति नै संख्यामा अध्ययनरत गैर दलित विद्यार्थीहरु १३ जना, ८ जना दलित अभिभावकहरु, ८ जना गैर दलित अभिभावकहरु तथा दलित संघ-संस्थाका ३ जना पदाधिकारीहरु गरि जम्मा ७६ जना उत्तरदाताहरुसँग प्रत्यक्ष साक्षात्कार गरिएको छ ।

## ३.३. तथ्याङ्क संकलनका साधन

तथ्याङ्क संकलन गर्ने विभिन्न साधनहरु हुन्छन् । यस अध्ययनको क्रममा तथ्याङ्क संकलनका निम्न साधनहरु प्रयोग गरिएको छ ।

### ३.३.१. विद्यार्थी अभिलेख फारम

दलित र गैर दलित विद्यार्थीहरुको पहुँच अध्ययन गर्नको लागि केही निश्चित फारमहरु तयार गरिएको छ । यही फारमहरुलाई विद्यार्थी अभिलेख फारम भनिएको छ । दलित तथा गैर दलित विद्यार्थीको भर्ना स्थिति, विद्यालय उपस्थिति, कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने दर जस्ता तथ्याङ्क सङ्कलन गर्न यस फारमको प्रयोग गरिएको छ (हे. अनुसूची - १,२ र ३) ।

### ३.३.२. प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विधिहरुमध्ये प्रश्नावली एक प्रमुख विधि हो । यस अध्ययनमा ४ जना प्रधानाध्यापकहरु, १२ शिक्षक, ४ वटै विद्यालयका माध्यमिक तहमा अध्ययनरत सबै दलित विद्यार्थीहरु जम्मा १३ जना, त्यति नै संख्यामा गैर दलित विद्यार्थीहरु १३ जनालाई प्रश्नावलीको प्रयोग गरेर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ (हे. अनुसूची - ४, ५, ६ र ७) ।

### ३.३.३. अन्तरवार्ता प्रश्नावली

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरु सङ्कलन गर्ने विभिन्न विधिहरुमध्ये अन्तरवार्ता पनि प्रमुख विधि हो । यस अध्ययनमा दलित विद्यार्थीका ८ जना अभिभावक, गैर दलितका ८ जना अभिभावक, ३ जना स्थानिय बुद्धिजीवीहरु, दलित संघ संस्थाका ३ जना पदाधिकारीहरुबाट अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरेर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । (हे. अनुसूची - ८, ९, १० र ११)

### ३.३.४. सरोकारवालाहरुसंग छलफलका लागि प्रश्नावली

यस अध्ययनमा प्रत्येक विद्यालय व्यवस्थापन समितिबाट ३ जनाका दरले १२ जना पदाधिकारीहरुसँग निश्चित प्रश्नहरुमाथि केन्द्रीत रहेर छलफल गरी अध्ययनको उद्देश्य पूर्तिका लागि प्राथमिक तथ्याङ्कहरु सङ्कलन गरिएको छ (हे. अनुसूची - १२) ।

### ३.३.५. अवलोकन फाराम

प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने प्रमुख विधिहरुमा अवलोकन एक प्रभावकारी र उपयुक्त विधि हो । अध्ययन गरिने सबै दलित विद्यार्थीहरु १३ जना र त्यति नै संख्यामा गैर दलित विद्यार्थीहरु १३ जनाको शैक्षिक क्रियाकलापको विभिन्न पक्षको अवलोकन फारम प्रयोग गरि तथ्याङ्क सङ्कलन गरेर तुलनात्मक अध्ययन गरिएको छ (हे. अनुसूची - १३) ।

## ३.४. तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रुपमा प्रश्नावली, अन्तरवार्ता, अवलोकन, छलफलबाट प्राप्त तथ्याङ्कहरु सङ्कलन गरिएको छ । द्वितीय स्रोतका रुपमा सम्बन्धित विद्यालय, संघ-संस्था, समुदाय, स्रोत केन्द्र, जि. शि. का., शिक्षा मन्त्रालय, सरकारी र गैर सरकारी निकायबाट प्रकाशित लेख, रचना, प्रतिवेदन, शोध-पत्र, पुस्तक, विद्यालयको अभिलेख आदिलाई लिइएको छ ।

## ३.५. तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरिएको छ । प्राप्त तथ्याङ्कहरुलाई यस प्रकार विश्लेषण गरिएको छ । अध्ययन गरिएका प्रत्येक विद्यालयका २०६५, २०६६ र २०६७ सालको माध्यमिक तहको दलित तथा गैर दलित विद्यार्थीहरुको भर्ना विवरण लिइएको छ । दलित विद्यार्थीहरुको भर्ना प्रतिशतलाई दमक नगरपालिकाको दलित जनसंख्याको प्रतिशत र गैर दलित विद्यार्थीहरुको भर्ना प्रतिशतसँग तुलना गरिएको छ । दलित र गैर दलित विद्यार्थीहरुको संस्थागत विद्यालयको माध्यमिक तहमा शैक्षिक क्रियाकलापमा सिकाइको स्थितिलाई विश्लेषण गरिएको छ ।

स्थलगत अध्ययन गरी दलितहरुको २०६५, २०६६ र २०६७ सालको कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्था पत्ता लगाई यसको प्रवृत्तिको विश्लेषण गरिएको छ ।

यसको साथसाथै अध्ययन गरिएका विद्यालयहरुको प्र. अ., शिक्षक, दलित विद्यार्थी, गैर दलित विद्यार्थी, दलित अभिभावक, गैर दलित अभिभावक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, पदाधिकारीहरु, स्थानीय बुद्धिजीवीहरु र स्थानीय दलित संघसंस्थाका पदाधिकारीहरुबाट प्रश्नावली, अन्तरवार्ता र छलफलको माध्यमद्वारा दलित बालबालिकाहरुको कक्षा भर्ना, विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने र शैक्षिक क्रियाकलापमा सिकाइ जस्ता पक्षमा प्रभाव पार्ने कारक तत्वहरुको पहिचान गरिएको छ ।

स्थानीय दलितहरुको सामाजिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था आदिबारे पनि स्थानीय बुद्धिजीवी र दलित संघसंस्थाका प्रतिनिधिबाट पहिचान गरिएको छ । अवलोकन फारमको प्रयोग गरी दलित तथा गैर दलित विद्यार्थीको शैक्षिक क्रियाकलापमा सिकाइको तुलनात्मक विश्लेषण गरिएको छ ।

दमक नगरपालिकाबाट दलितहरुको जनसंख्या विवरण लिएर कुन-कुन जातका दलितहरु यहाँ बसोबास गर्छन्, दलितहरुको मुख्य पेशा र आर्थिक स्रोतका आधारहरु के-के छन् जस्ता आधारभूत तथ्याङ्कहरु सङ्कलन गरि यसले दलित बालबालिकाहरुको संस्थागत विद्यालयमा सिकाइ अभिबृद्धि गर्न कसरी प्रभाव पारेको छ भनी अध्ययन गरिएको छ ।

माथि उल्लेखित उत्तरदाताबाट प्राप्त तथ्याङ्क र विद्यालयको अभिलेखबाट दलित बालबालिकाले प्राप्त गरेको सहुलियत तथा सुविधा र भोग्नु परिरहेका समस्याहरुको पहिचान गरि दलित विद्यार्थीहरुको संस्थागत विद्यालयमा सिकाइ अभिवृद्धि गर्नका लागि उपायहरु पत्ता लगाइएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

कुनै पनि अनुसन्धान वा सोध कार्यमा प्राप्त भएका तथ्याङ्क तथा प्रतिक्रियाहरुको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या गरिन्छ । दलित बालबालिकाको संस्थागत विद्यालयमा भर्नाको अवस्था, कक्षा दाहोऱ्याउने र विद्यालय छाड्ने अवस्था तथा शैक्षिक क्रियाकलापमा सिकाइको अवस्थालाई यस शोधपत्रमा सिकाइको स्थितिको रुपमा लिइएको छ । दलित बालबालिका र संस्थागत विद्यालय साथै सो सँग सरोकार राख्ने विभिन्न पक्षहरुबाट तथ्याङ्क तथा प्रतिक्रिया लिई प्राप्त तथ्याङ्क र प्रतिक्रियालाई यहाँ विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१. दलित तथा गैरदलित विद्यार्थीको भर्ना,कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्था

अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयहरु मेची आवासीय मा. वि., एभरेष्ट आवासीय मा. वि., इष्टर्न स्टार आवासीय मा. वि. र चुलाचुली आवासीय मा. वि. का माध्यमिक तहमा भर्ना भएका दलित तथा गैर दलित विद्यार्थीहरुको भर्ना विवरण तालिकाहरुमा देखाइए अनुसार रहेको छ ।

तालिका नं. ३

दलित तथा गैर दलित विद्यार्थीको कक्षा भर्ना विवरण ‘२०६५’

| क्र. सं. | विद्यालय | कक्षा-९ | | | | कक्षा-१० | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | गैर दलित | | दलित | | गैर दलित | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | मेची | - | - | ५० (५४.४) | ४२ (४५.६) | - | - | ४५ (५१.२) | ४३ (४८.८) |
| २. | एभरेष्ट | १ (२.९) | १ (२.९) | १५ (४४.२) | १७ (५०) | १ (३.२) | - | १५ (४६.८) | १६ (५०) |
| ३. | इष्टर्न स्टार | - | १ (२.७) | ७ (१९.४) | २८ (७७.७) | १ (२.७) | - | ९ (२४.४) | २७ (७२.९) |
| ४. | चुलाचुली | - | - | २८ (३८.८) | ४४ (६१.२) | - | - | २५ (३९.६) | ३८ (६०.४) |
| जम्मा | | १ (०.४) | २ (०.९) | १०० (४२.७) | १३१ (५६) | २ (०.९) | - | ९४ (४२.७) | १२४ (५६.४) |

स्रोत : विद्यालय तथ्याङ्क फारम-२०६५

तालिका नं. ३ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठक भित्र राखिएको छ । उल्लेखित तालिकालाई अध्ययन गर्दा मेची आ. मा. वि. मा दलित विद्यार्थी संख्या सुन्य देखिन्छ । एभरेष्ट आ. मा. वि. मा कक्षा-९ मा १ छात्रा तथा १ छात्र र कक्षा-१० मा १ छात्रा दलित समुदायबाट भर्ना भएको देखिन्छ । कक्षा-९ र १० को कुल विद्यार्थी संख्या ६६ मध्ये ३ जना अर्थात ४.५% दलित र बाँकी ६३ जना अर्थात ९५.५% गैर दलित विद्यार्थी रहेको पाईन्छ । इष्टर्न स्टार आ. मा. वि. को कक्षा-९ मा १ छात्र तथा कक्षा-१० मा १ छात्रा गरि जम्मा २ जना मात्र दलित विद्यार्थी छन् भने जम्मा विद्यार्थी संख्या ७३ मध्ये दलित विद्यार्थी प्रतिशत २.७% र गैर दलित विद्यार्थी प्रतिशत ९७.३% देखिन्छ । यसरी नै चुलाचुली आ. मा. वि. को कक्षा-९ र १० मा दलित विद्यार्थीको भर्ना संख्या सुन्य रहेको छ । चारवटै विद्यालयको जम्मा विद्यार्थी संख्या ४५४ मध्ये दलित विद्यार्थी संख्या मात्र ५ रहेको छ । अर्थात दलित विद्यार्थी १.१% र गैर दलित विद्यार्थी ९८.९% रहेको देखिन्छ । यसरी दलित विद्यार्थीहरुको संस्थागत माध्यमिक विद्यालयको कक्षा-९ र १० मा भर्नाको संख्या गैर दलित विद्यार्थीको तुलनामा अत्यन्तै न्यून देखियो ।

तालिका नं. ४

दलित तथा गैर दलित विद्यार्थीको कक्षा भर्ना विवरण '२०६६'

| क्र. सं. | विद्यालय | कक्षा-९ | | | | कक्षा-१० | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | गैर दलित | | दलित | | गैर दलित | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | मेची | - | - | ४८ (५२.१) | ४४ (४७.९) | - | - | ३६ (४६.७) | ४१ (५३.३) |
| २. | एभरेष्ट | - | १ (२.९) | १६ (४७.१) | १७ (५०) | १ (२.८) | १ (२.८) | १६ (४५.७) | १७ (३७.७) |
| ३. | इष्टर्न स्टार | १ (२.८) | - | ८ (२२.२) | २७ (७५) | १ (२.९) | १ (२.९) | १५ (४४.२) | १७ (५०) |
| ४. | चुलाचुली | १ (१.१) | - | ३९ (४२.९) | ५१ (५६) | - | - | २७ (४४.२) | ३४ (५५.८) |
| जम्मा | | २ (०.८) | १ (०.४) | १११ (४३.९) | १३९ (५४.९) | २ (१.०) | २ (१.०) | ९४ (४५.५) | १०९ (५३.५) |

स्रोत : विद्यालय तथ्याङ्क फारम २०६६

तालिका नं. ४ मा मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठक भित्र राखिएको छ । उल्लेखित तालिकालाई अध्ययन गर्दा मेची आवासीय मा. वि. मा २०६६ सालमा पनि कक्षा-९ र १० मा दलित विद्यार्थीको भर्ना शुन्य देखिन्छ । गैर दलित विद्यार्थीको भर्ना संख्या १६९ देखिन्छ । एभरेष्ट आ. मा. वि. मा कक्षा-९ मा छात्र-१, कक्षा-१० मा छात्र-१, छात्रा-१ गरी जम्मा ३ जना दलित विद्यार्थी देखिन्छन् । यो संख्या जम्मा विद्यार्थी संख्या ६९ को ४.३% हुन आउँछ । इष्टर्न स्टार आ. मा. वि. मा कक्षा-९ मा १ छात्रा, कक्षा-१० मा १ छात्र र १ छात्रा गरी जम्मा ३ जना दलित विद्यार्थीले भर्ना गरेको देखिन्छ । कक्षा-९ र १० का जम्मा विद्यार्थी संख्या ७० को ४.२ प्रतिशत दलित विद्यार्थी देखिन्छन् भने गैर दलित विद्यार्थी प्रतिशत ९५.८% देखिन्छ । यसरी नै चुलाचुली आ. मा. वि. मा कक्षा-९ मा १ छात्रा मात्र दलित विद्यार्थीको रुपमा भर्ना भएको देखिन्छ । कक्षा-९ र १० को जम्मा विद्यार्थी संख्या १५२ रहेकोमा दलित विद्यार्थीको भर्ना प्रतिशत मात्र ०.६५% पाइयो भने गैर दलित विद्यार्थीको संख्या १५१ अर्थात ९९.३५% पाइयो । चारवटै विद्यालयको जम्मा विद्यार्थी संख्या ४६० मा दलित विद्यार्थी संख्या ७ र गैर दलित विद्यार्थी संख्या ४५३ पाइयो । प्रतिशतमा हेर्ने हो भने दलित भर्ना प्रतिशत १.५% र गैर दलित विद्यार्थी भर्ना प्रतिशत ९८.५% पाइयो । दलित विद्यार्थीको भर्ना प्रतिशत गैर दलित विद्यार्थीको तुलनामा अत्यन्तै न्यून पाइयो ।

तालिका नं. ५

दलित तथा गैर दलित विद्यार्थीको कक्षा भर्ना विवरण '२०६७'

| क्र. सं. | विद्यालय | कक्षा-९ | | | | कक्षा-१० | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | गैर दलित | | दलित | | गैर दलित | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | मेची | २ (२.३) | २ (२.३) | ४६ (५४.२) | ३५ (४१.२) | - | - | ३९ (५१.३) | ३७ (४८.७) |
| २. | एभरेष्ट | - | १ (२.७) | १७ (४७.३) | १८ (५०) | - | १ (२.९) | १६ (४७.१) | १७ (५०) |
| ३. | इष्टर्न स्टार | - | १ (३) | ८ (२४.३) | २४ (७२.७) | १ (३) | - | १३ (३९.५) | १९ (५७.५) |
| ४. | चुलाचुली | - | - | ३० (३२.९) | ६१ (६७.१) | १ (१.२) | - | ३७ (४१.५) | ५१ (५७.३) |
| जम्मा | | २ (०.८) | ४ (१.६) | १०१ (४१.२) | १३८ (५६.४) | २ (०.८) | १ (०.४) | १०५ (४५.२) | १२४ (५३.४) |

स्रोत : विद्यालय तथ्याङ्क फाराम २०६७

तालिका नं. ५ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठक भित्र राखिएको छ । उल्लेखित तालिकाको भर्ना विवरणलाई विश्लेषण गर्दा २०६७ सालमा मेची आ. मा. वि. मा माध्यमिक तहमा भर्ना भएका जम्मा विद्यार्थी संख्या १३१ विद्यार्थी मध्ये दलित विद्यार्थी संख्या ४ अर्थात २.३% र गैर दलित विद्यार्थी संख्या १५७ अर्थात ९७.७% पाइयो । एभरेष्ट आ. मा. वि. मा जम्मा विद्यार्थी संख्या ७० मध्ये दलित विद्यार्थी संख्या २ अर्थात २.८% र गैर दलित विद्यार्थी संख्या ९७.२% पाइयो । चुलाचली आ. मा. वि. को माध्यमिक तहमा भर्ना भएका जम्मा विद्यार्थी संख्या १८० मध्ये दलित विद्यार्थी संख्या १ अर्थात ०.५% र गैर दलित विद्यार्थी संख्या १७९ अर्थात ९९.५% पाइयो । यसरी नै इष्टर्न स्टार आ. मा. वि. को माध्यमिक तहको जम्मा विद्यार्थी संख्या ६६ मध्ये दलित विद्यार्थी संख्या २ अर्थात ३% र गैर दलित विद्यार्थी संख्या ६४ अर्थात ९७% पाइयो । चारवटै विद्यालयको जम्मा विद्यार्थी संख्या ४७७ मध्ये दलित विद्यार्थी संख्या ९ अर्थात १.९% र गैर दलित विद्यार्थीको संख्या ४६८ अर्थात ९८.१% पाइयो । २०६७ सालमा पनि दलित विद्यार्थीको भर्ना प्रतिशत गैर दलितको तुलनामा अत्यन्तै न्यून पाइयो ।

तालिका नं. ६

२०६५, २०६६ र २०६७ सालको विद्यार्थी भर्ना विवरण

| क्र. सं. | वर्ष | कक्षा-९ | | | | कक्षा-१० | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | गैर दलित | | दलित | | गैर दलित | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. | २०६५ | १ (०.४) | २ (०.८) | १०० (४२.८) | १३१ (५६) | २ (०.९) | - | ९४ (४०.२) | १२४ (५२.९) |
| २. | २०६६ | २ (०.८) | १ (०.४) | १११ (४३.९) | १३९ (५४.९) | २ (१.०) | २ (१.०) | ९४ (४५.५) | १०९ (५५.५) |
| ३. | २०६७ | २ (०.८) | ४ (०.४) | १०१ (४१.२) | १३८ (२.९) | २ (०.८) | १ (०.४) | १०५ (४५.३) | १२४ (५३.५) |
| जम्मा | | ५ (०.६) | ७ (०.९) | ३१२ (४२.७) | ४०८ (५५.८) | ६ (१.०) | ३ (०.५) | २९३ (४४.४) | ३५७ (५४.१) |

तालिका नं. ६ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठक भित्र राखिएको छ । उल्लेखित तालिकालाई अध्ययन गर्दा तीन वर्षको भर्ना विवरणमा दलित भर्ना प्रतिशत न्यून रुपमा भएपनि वृद्धि हुँदै गएको पाइएको छ । २०६५ सालमा चारवटा संस्थागत विद्यालयको माध्यमिक तहमा १.१%, २०६६ सालमा १.५% र २०६७ सालमा १.९%

दलितहरुको भर्ना भएको पाइयो । दलित विद्यार्थीहरुको भर्ना संख्या २०६५ सालमा छात्रा ३ र छात्र २ गरी ५ जना, २०६६ सालमा छात्रा ४ र छात्र ३ गरी ७ जना र २०६७ सालमा छात्रा ४ छात्र ५ गरी जम्मा ९ जना भर्ना भएको पाइयो । २०६५ र २०६६ सालमा दलित छात्राहरुको संख्या छात्रको भन्दा बेसी पाइयो भने २०६७ सालमा दलित छात्रको संख्या छात्राको भन्दा उच्च पाइयो । ३ वर्षको जम्मा दलित विद्यार्थी संख्या २१ मध्ये छात्रा संख्या ११ अर्थात ५२.३% र छात्र संख्या १० अर्थात ४७.७% पाइयो । यसरी न्यून रुपमा दलित विद्यार्थी भर्ना भएकोमा छात्राको संख्या उच्च हुनु सकारात्मक रुपमा लिन सकिन्छ । दलितको तुलनामा गैर दलित विद्यार्थीहरुको संख्या अत्यन्तै उच्च भए पनि लैङ्गिक रुपमा छात्राहरुको संख्या न्यून रहेको पाइएको छ । समग्रमा कक्षा-९ र १० मा भर्ना भएका गैर दलित छात्राहरुको संख्या ७६५ पाइयो । गैर दलित छात्राहरुको प्रतिशत ४४.१% र छात्रहरुको प्रतिशत ५५.९% पाइयो । चारवटा संस्थागत विद्यालयको तीन वर्षको माध्यमिक तहमा भर्ना भएका जम्मा विद्यार्थी संख्या १३९१ मध्ये दलित विद्यार्थीको संख्या केवल २१ अर्थात १.५% मात्र पाइएको छ । दमक नगरपालिकाको राष्ट्रिय जनगणना-२०५८ अनुसारको जनसंख्या विवरणमा दलितहरुको जनसंख्या प्रतिशत ७.८% (तालिका नं.-१) रहेको छ । दलितहरुको जनसंख्याको आधारमा दलित विद्यार्थीहरुको संस्थागत विद्यालयहरुको माध्यमिक तहमा भर्ना प्रतिशत न्यून रहेको पाइयो ।

अध्ययन गरिएका संस्थागत विद्यालयहरुमा गई विद्यालय अभिलेख अध्ययन गर्दा प्र.अ. हरुसँग प्रत्यक्ष साक्षात्कार गरी दलित विद्यार्थीहरुको कक्षा अनुत्तीर्ण हुने वा दोहोऱ्याउने र विद्यालय छाड्ने प्रवृत्तिबारे जानकारी लिँदा कुनै पनि दलित विद्यार्थीहरुले २०६५, २०६६ र २०६७ सालमा विद्यालय छोडेको (drop-out) पाइएन । कक्षामा अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने गरेको दलित विद्यार्थीहरुको संख्या पनि शून्य पाइयो । बरु गैर दलित विद्यार्थीहरु अनुत्तीर्ण भएको र कक्षा दोहोऱ्याएको पाइयो । अध्ययन गरिएको चारवटा संस्थागत विद्यालयको २०६५, २०६६ र २०६७ सालमा कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्थालाई समग्र रुपमा दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.७

कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने विवरण २०६५, २०६६ र २०६७

| वर्ष | कक्षा-९ | | | | | | | | कक्षा-१० | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | | | गैर दलित | | | | दलित | | | | गैर दलित | | | |
| | कक्षा दोहोऱ्याउने | | विद्यालय छाड्ने | | कक्षा दोहोऱ्याउने | | विद्यालय छाड्ने | | कक्षा दोहोऱ्याउने | | विद्यालय छाड्ने | | कक्षा दोहोऱ्याउने | | विद्यालय छाड्ने | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| २०६५ | - | - | - | - | १ | ३ | - | - | - | - | - | - | ४ | - | - | - |
| २०६६ | - | - | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - |
| २०६७ | - | - | - | - | २ | २ | - | - | - | - | - | - | - | - | - | - |
| जम्मा | - | - | - | - | ३ | ६ | - | - | - | - | - | - | ४ | - | - | - |

स्रोत : विद्यालय तथ्याङ्क फाराम २०६५, २०६६, २०६७

चारवटा संस्थागत विद्यालयका माध्यमिक तहमा कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने विवरणलाई अध्ययन गर्दा तालिका नं. ७ अनुसार दलित विद्यार्थीहरुको संख्या शून्य छ । गैर दलित विद्यार्थीहरुको हकमा पनि विद्यालय छाड्ने विद्यार्थीको संख्या सून्य नै रहेको छ । कक्षा दोहोऱ्याउने २०६५ सालमा कक्षा-९ मा गैर दलित विद्यार्थीहरु छात्रा १ र छात्र ३ गरी ४ जना कक्षा-१० मा  छात्रा ४ र छात्र ० गरी ४ जना, २०६६ सालमा कक्षा-९ मा छात्र १ छात्रा ० गरी १ तथा २०६७ सालमा कक्षा-९ मा छात्रा २ र छात्र २ गरी ४ जना पाइयो ।

## ४.२. शैक्षिक क्रियाकलापमा विद्यार्थीको सिकाइको अवस्था

सम्पूर्ण व्यक्तित्व विकासको लागि विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, नैतिक आदि पक्षहरुको सकारात्मक विकास हुनुपर्दछ । यी विभिन्न पक्षहरुको विकास गराउन विद्यालयले पढाइ-लेखाइको अतिरिक्त विभिन्न क्रियाकलापहरु संचालन गरि लेखाजोखा राख्नुपर्दछ । अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयहरुमा विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासको लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु, अनुशासन,

व्यक्तिगत सरसफाइ, समूहगत कार्यहरु आदि संचालनमा रहेको पाइयो । पढाई लेखाई लगायत यी सम्पूर्ण गतिविधिलाई शैक्षिक क्रियाकलापको रुपमा लिइएको छ । हाल २०६८ सालको शैक्षिक सत्रमा अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयको माध्यमिक तहमा जम्मा १३ जना दलित छात्रछात्राहरु अध्ययन गरिरहेको स्थलगत अध्ययनबाट प्राप्त भयो । यी सम्पूर्ण दलित विद्यार्थीहरु र त्यति नै संख्यामा प्रत्येक विद्यालयबाट गैर दलित विद्यार्थीहरु छनोट गरी सम्वन्धित विद्यालयमा २ हप्ता स्थलगत भ्रमण गरी अवलोकन गरिएको छ । सिकाइ सक्रिय प्रक्रिया हो । सिकाइ उद्देश्यपूर्ण हुन्छ । सिकाइ अनुभवहरुको संगठन हो । सिकाइ वातावरणमा समायोजन हुने प्रक्रिया हो । सिकाइले सिकारुको व्यवहारमा परिवर्तन ल्याउँछ । सिकाइ विकास हो । सिकाइका यिनै विशेषताहरुलाई आधार मानी छनौट गरिएका विद्यार्थीहरुको शैक्षिक क्रियाकलापलाई अवलोकन गरेर उत्तम, मध्यम र निम्न गरी तीन वर्गमा वर्गिकरण गरी विश्लेषण गरिएको छ । विश्लेषणको सारांशलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

शैक्षिक क्रियाकलापमा विद्यार्थीको सहभागिता

| शैक्षिक क्रियाकलापहरु | उत्तम | | मध्यम | | निम्न | |
|---|---|---|---|---|---|---|
| | दलित विद्यार्थी | गैर दलित विद्यार्थी | दलित विद्यार्थी | गैर दलित विद्यार्थी | दलित विद्यार्थी | गैर दलित विद्यार्थी |
| सिकाइ क्षमता | ४ (३०.८) | ८ (६१.६) | ८ (६१.६) | ४ (३०.८) | १ (७.६) | १ (७.६) |
| गृहकार्य | ७ (५३.८) | ८ (६१.६) | ५ (३८.४) | ४ (३०.७) | १ (७.६) | १ (७.६) |
| नियमितता | ७ (५३.८) | ८ (६१.६) | ६ (४६.२) | ५ (३८.५) | - | - |
| साथीहरुसँगको सम्बन्ध | ८ (६१.५) | ८ (६१.५) | ५ (३८.५) | ५ (३८.५) | - | - |
| शिक्षकहरुसँगको सम्बन्ध | ८ (६१.५) | ८ (६१.५) | ५ (३८.५) | ५ (३८.५) | - | - |
| अतिरिक्त क्रियाकलाप | ५ (३८.५) | ७ (५३.८) | ४ (३०.८) | ४ (३०.८) | ४ (३०.८) | २ (१५.४) |
| अनुशासन | ८ (६१.६) | ८ (६१.६) | ५ (३८.५) | ५ (३८.५) | - | - |
| व्यक्तिगत सरसफाइ | ८ (६१.६) | १० (७६.९) | ५ (३८.५) | ३ (२३.१) | - | - |
| औसत | ६ (४६.१) | ८ (६१.५) | ५ (३८.५) | ३ (२३.१) | २ (१५.४) | २ (१५.४) |

तालिका नं. ८ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठक भित्र राखिएको छ । उल्लेखित तालिकालाई अध्ययन गर्दा दलितहरुको सिकाइ क्षमता गैर दलितको तुलनामा कमजोर देखिन्छ । सिकाइ क्षमता उत्तम हुने दलितको संख्या ४ (३०.८%) र गैर दलितको संख्या दोब्बर अर्थात ८ (६१.६%) पाइयो । त्यसरी नै सिकाइ क्षमता निम्न हुने दलितको संख्या १ (७.६%) पाइयो । गृहकार्य समयमा गरेर शिक्षकहरुलाई देखाउने सन्दर्भमा पनि दलित विद्यार्थीहरु केही पछाडि नै परेका छन् । गृहकार्य शीर्षकको उत्तम वर्गमा ७ (५३.८%) दलित विद्यार्थी र ८(६१.५%) गैर दलित विद्यार्थी परेका छन् । त्यसरी नै निम्न वर्गमा १ (७.६%) जना दलित र १ (७.६%) जना गैर दलित परेका छन् । नियमित विद्यालयमा उपस्थित हुने दलितहरुको उत्तम वर्गमा ७ (५३.८%) र गैर दलितहरु ८ (६१.५%) रहेका छन् । बाँकी सबै दलित र गैर दलित विद्यार्थीहरु मध्यम वर्गमा परेका छन् । नियमितताको अध्ययन गर्दा दलित र गैर दलित विद्यार्थीहरुको नियमिततामा गैर दलितहरु केही अब्बल देखिन्छन् । साथीहरुको सम्बन्धबारे अवलोकन गर्दा उत्तम वर्गमा ८(६१.५%) दलित विद्यार्थी र ८(६१.५%) गैर दलित विद्यार्थी पाइयो । बाँकी सबै विद्यार्थीहरु मध्यम वर्गमा रहेका छन् । साथीहरुसँगको सम्बन्धबारे अध्ययन गर्दा दलित र गैर दलित विद्यार्थीहरुको व्यवहार समान नै पाइयो ।

शिक्षकहरुसँगको सम्बन्धको अध्ययन गर्दा दलित र गैर दलित विद्यार्थीहरुले समान रुपले शिक्षकहरुसँग सम्बन्ध राखेको पाइयो । उत्तम वर्गमा दलित र गैर दलित दुवैको संख्या ८(६१.५%) र बाँकी मध्यम वर्गमा परेका छन् । अतिरिक्त क्रियाकलापमा दलित विद्यार्थीहरु गैर दलित विद्यार्थीको तुलनामा केही कमजोर पाइयो । उत्तम वर्गमा दलित विद्यार्थीहरु ५ (३८.५%) र गैर दलित विद्यार्थीहरु ७ (५३.८%) पाइएका छन् । निम्न वर्गमा दलित विद्यार्थी ४ (३०.७%) र गैर दलित विद्यार्थीहरु २ (१५.४%) रहेका छन् । बाँकी सबै दलित र गैर दलित विद्यार्थीहरु मध्यम वर्गमा पाइए । यसरी नै अनुशासनको हकमा दलित र गैर दलित विद्यार्थीहरु समान पाइएका छन् । उत्तम अनुशासन भएका दलित विद्यार्थी संख्या ८(६१.५%) र त्यति नै संख्यामा गैर दलित विद्यार्थी रहेको पाइयो । बाँकी सबै विद्यार्थीहरुको अनुशासन मध्यम वा सामान्य वर्गको पाइयो । व्यक्तिगत सरसफाइको

हकमा दलित विद्यार्थीहरु ८(६१.५%) उत्तम पाइयो । गैर दलित विद्यार्थीहरु १० (७६.९%) व्यक्तिगत सरसफाइको उत्तम वर्गमा परेका छन् । बाँकी विद्यार्थीहरुको व्यक्तिगत सरसफाइ सामान्य वा मध्यम वर्गको पाइयो । गैर दलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीहरु व्यक्तिगत सरसफाइमा केही कमजोर पाइयो ।

समग्रमा शैक्षिक क्रियाकलापका विभिन्न पक्षहरुलाई केलाउँदा शैक्षिक क्रियाकलापमा दलित विद्यार्थीहरु गैर दलित विद्यार्थीहरुको तुलनामा कमजोर देखिन्छन् । संस्थागत विद्यालयमा सिकाइको स्थिति अध्ययन गर्दा अधिंकाशं पक्षहरुमा दलितहरु कमजोर पाइयो ।

## ४.३. दलित बालबालिकाको सिकाइलाई प्रभाव पार्ने कारक तत्वहरु

अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयहरुमा माध्यमिक तहमा दलित र गैर दलितको २०६५, २०६६ र २०६७ सालको भर्ना विवरणलाई हेर्दा समग्रमा दलितहरुको भर्ना प्रतिशत १.५% मात्र पाइयो भने गैर दलितहरुको भर्ना प्रतिशत ९८.५% पाइयो । २०५८ को राष्ट्रिय जनगणना अनुसार दमक नगरपालिकामा दलितको जनसंख्या प्रतिशत ७.८% पाइएको छ । यस जनसंख्या विवरणमा मल्लिक, डोम, चमार, दास, पथ्थरकट्टा जस्ता दलित समुदायको दमक नगरपालिकामा बसोबास भएपनि उल्लेख गरिएको पाइएन । दलित समुदायको वर्तमान जनसंख्या ७.८% भन्दा बढी हुने अनुमान सहजै गर्न सकिन्छ । यस्तो स्थितिमापनि दलित जनसंख्याको प्रतिशतभन्दा संस्थागत विद्यालयको माध्यमिक तहमा दलित बालबालिकाको भर्ना प्रतिशत न्यून देखिएको छ । यसरी भर्नाको सन्दर्भमा दलित बालबालिकाको संस्थागत विद्यालयका माध्यमिक तहमा पहुँच कम भएको निष्कर्ष निकाल्न सकिन्छ ।

थोरै दलित विद्यार्थीहरु मात्र माध्यमिक तहसम्म पुग्ने भएकोले उनीहरुको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने संख्या संस्थागत विद्यालयमा न्यून पाइएको छ ।

विद्यालय भित्र र बाहिर गरिने विभिन्न शैक्षिक क्रियाकलापको सिकाइमा दलितहरु गैर दलित विद्यार्थीको तुलनामा कमजोर पाइएको छ । सिकाइ क्षमता, गृहकार्य, नियमितता, साथीहरुसँगको सम्बन्ध, अतिरिक्त क्रियकलाप र व्यक्तिगत सरसफाइ जस्ता बहु-आयामिक

शैक्षिक क्रियाकलापमा दलित विद्यार्थीहरु पछाडि छन् । यसरी सम्पूर्ण व्यक्तित्व विकासमा बहुआयामिक शैक्षिक क्रियकलापमा दलित बालबालिकाहरुको सिकाइ गैर दलित बालबालिकाको तुलनामा न्यून पाइएको छ ।

विद्यार्थी भर्नामा न्युन पहुँच र शैक्षिक क्रियाकलापमा दलितहरुको न्यून सिकाइ हुनका कारणहरु र प्रभाव पार्ने तत्वहरुको पहिचान गर्न हाल अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयका माध्यमिक तहमा अध्ययनरत १३ दलित बालबालिकाहरु, ४ वटै विद्यालयका त्यति नै अर्थात १३ गैर दलित बालबालिकाहरु, ८ जना दलित अभिभावकहरु, ८ जना गैर दलित अभिभावकहरु, ४ वटा विद्यालयका १२ जना शिक्षकहरु, ४ वटै विद्यालयका ४ प्र. अ. हरु, स्थानीय दलित संघ-संस्थाका ३ जना प्रतिनिधिहरु, स्थानिय ३ जना बुद्धिजीवीहरु र ४ वटै विद्यालयका १२ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु गरि जम्मा ७६ जनासँग विभिन्न साधनहरु प्रयोग गरि उत्तर र प्रतिक्रिया लिइएको थियो । उल्लेखित उत्तरदाताहरुबाट आएको विभिन्न उत्तर र प्रतिक्रियाहरुलाई ६ वटा मुख्य बुँदाहरुमा वर्गीकरण गरिएको छ । उत्तरदाताहरुबाट प्राप्त उत्तरहरु र प्रतिक्रियालाई तालिका नं. ९ मा उल्लेख गरिएको छ ।

तालिका नं. ९

शिक्षामा दलित बालबालिकाको सिकाइलाई प्रभाव पार्ने कारक तत्वहरु

| कारण र प्रभाव पार्ने तत्वहरु | दलित विद्यार्थी (१३) | गैर दलित विद्यार्थी (१३) | दलित अभिभावक (८) | गैर दलित अभिभावक (८) | शिक्षक (१२) | प्र.अ. (४) | दलित संघसंस्था प्रतिनिधि (३) | स्थानिय बुद्धिजीवि (३) | वि.व्य.स. सदस्य (१२) | जम्मा (७६) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कमजोर आर्थिक अवस्था | १३ (१००) | ११ (८४.६) | ५ (२.५) | ८ (१००) | ११ (९१.६) | ४ (१००) | ३ (१००) | ३ (१००) | १२ (१००) | ७० (९२.१) |
| शिक्षा र चेतनाको अभाव | १० (७६.९) | १० (७६.९) | ८ (१००) | ७ (८७.५) | ५ (४१.६) | ३ (७५) | ३ (१००) | ३ (१००) | १० (८३.३) | ५९ (७७.६) |
| पारिवारिक पृष्ठभूमि | १२ (९२.३) | १० (७६.९) | ३ (७.५) | ७ (८७.५) | ७ (५८.३) | ३ (७५) | ३ (१००) | ३ (१००) | १० (८३.३) | ५८ (७६.३) |
| दलित सम्वन्धी शिक्षा ऐन नियम | १० (७६.९) | ५ (३८.४) | ५ (६२.५) | ४ (५०) | ९ (७५) | २ (५०) | ३ (१००) | ३ (१००) | १२ (१००) | ५३ (६९.७) |
| सामाजिक विभेद र हिनभावना | ५ (३८.४) | ४ (३०.७६) | ५ (६२.५) | ४ (५०) | ९ (७५) | ४ (१००) | ३ (१००) | ३ (१००) | ११ (९१.६) | ४८ (६३.१) |
| परम्परागत व्यवसाय | ४ (३०.७६) | २ (१५.३८) | ५ (६२.५) | ४ (५०) | ३ (२५) | २ (५०) | ३ (१००) | ३ (१००) | ७ (५८.३) | ३३ (४३.४) |

दलित बालबालिकाहरुको सिकाइ कम हुनुका कारण र प्रभाव पार्ने तत्वहरुलाई तालिका नं. ९ बमोजिम निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१. कमजोर आर्थिक अवस्था

कमजोर आर्थिक अवस्थाका कारण संस्थागत विद्यालयको माध्यमिक तहमा न्यून भर्ना र सिकाइ भएको उत्तर र प्रतिक्रिया दिनेहरुमा तालिका नं. ९ अनुसार दलित विद्यार्थी १३ (१००%), गैर दलित विद्यार्थी ११(८४.६%), दलित अभिभावक ८(६२.५%), गैर दलित अभिभावक ८ (१००%), शिक्षक ११ (९१.६%), प्र. अ. ४ (१००%), दलित संघसंस्थाका पदाधिकारी ३ (१००%), स्थानीय बुद्धिजीवी ३ (१००%), विद्यालय व्यवस्थापन समिति पदाधिकारी र सदस्य १२ (१००%) रहेका छन् । ७६ जना उत्तरदातामध्ये ७० (९२.१%) ले आर्थिक कारणले दलित बालबालिकाको संस्थागत विद्यालयमा न्युन भर्ना र सिकाइ भएको प्रतिक्रिया वा उत्तर दिएका छन् ।

इतिहासलाई अध्ययन गर्ने हो भने दलित समुदाय हजारौं वर्षसम्म दासताको बन्धनमा बाँधिएको पाइन्छ । उनीहरुलाई नीजि सम्पत्तिबाट वञ्चित गरिएको पाइन्छ । ईतिहास देखि वर्तमान सम्म दलित समुदायसँग विशेष कला, सीप र कौशल रहेको पाइन्छ तर उनीहरुको श्रमको शोषण भएको कारण उनीहरु आर्थिक रुपमा कहिल्यै पनि सवल हुन सकेनन् । अधिकांश दलितहरुसँग जग्गा-जमिनको स्वामित्व छैन । उद्योग-व्यापार गर्न पूँजीको अभाव छ । दमक नगरपालिका क्षेत्रमा आर्थिक रुपमा सवल दलितहरुको संख्या अत्यन्तै न्यून छ । सहरी क्षेत्रमा रहेका दलितहरुको आर्थिक अवस्था ग्रामिण क्षेत्रको भन्दा तुलनात्मक रुपमा राम्रो रहेको छ । वास्तवमा सहरी क्षेत्रमा रहेका दलितका छोराछोरीले मात्र संस्थागत विद्यालयमा आफ्नो पहुँच पुऱ्याई विद्यार्थीको सिकाइ क्षमता अभिवृद्धि गरेका छन् । ग्रामिण क्षेत्रका दलितहरुसँग खेती गर्न आफ्नो जग्गा जमिन पनि नरहेको अवस्थामा प्राय निम्न स्तरको ज्याला मजदुरी गर्न बाध्य छन् । गाँस, बास र कपास जस्ता आधारभूत आवश्यकता समेत परिपूर्ति गर्न नसक्ने अवस्थाका धेरै दलितहरुको लागि निशुल्क शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय सम्म पनि पहुँच नपुग्ने स्थितिमा न्यूनतम

भए पनि शुल्क तिर्न पर्ने, अंग्रेजी माध्यमका पाठ्यपुस्तक खरिद गर्न पर्ने, पोशाक खरिद गर्न पर्ने भएकोले संस्थागत विद्यालयमा आर्थिक कारणले दलित बालकालिकाको भर्ना र सिकाइ अभिवृद्धिमा अवरोध पुऱ्याएको पाइन्छ ।

### ४.३.२. शिक्षा र चेतनाको अभाव

तालिका नं. ९ अनुसार शिक्षा र चेतनाको कारण संस्थागत विद्यालयमा विद्यार्थीहरुको न्यून भर्ना र सिकाइ हुने उत्तर र प्रतिक्रिया दिनेहरुमा अध्ययनरत दलित विद्यार्थीहरु १० (७६.९%), गैर दलित विद्यार्थीहरु १० (७६.९%), दलित अभिभावक ८ (१००%), गैर दलित अभिभावक ७(८७.५%), शिक्षक ५ (४१.६%), प्र. अ. ३ (७५%), दलित संघसंस्थाका पदाधिकारीहरु ३ (१००%), स्थानीय बुद्धिजीवी ३(१००%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरु १० (७७.६%) पाइएको छ । जम्मा ७६ जना उत्तरदाताहरुमा शिक्षा र जनचेतनाको अभावमा दलित विद्यार्थीहरुको संस्थागत माध्यमिक विद्यालयको माध्यमिक तहमा न्युन भर्ना र सिकाइ हुने उत्तर र प्रतिक्रिया दिने ५९ (७७.६%) पाइएको छ ।

वर्षौदेखि आर्थिक र सामाजिक शोषणमा परेका दलितहरुको शिक्षाको अवस्था अत्यन्तै कमजोर छ । शिक्षाको अभावको कारण दलित समुदायमा जनचेतना अत्यन्तै न्यून छ । आफ्नो क्षमतामा विभिन्न समस्याहरु र अवरोधहरु पार गर्दै व्यक्तिगत प्रयासमा उच्च शिक्षा हाँसिल गरेका नगन्य संख्याका दलितहरुलाई पनि राज्यले उचित स्थान र अवसर दिन सकेको छैन । राज्यको उच्च तहमा दलितहरुको सन्तुलित र समानुपातिक सहभागिता हुन सकेको छैन । वातावरणमा जसरी सन्तुलनको जरुरी पर्दछ त्यसरी नै समाज र राष्ट्रमा पनि सबै जाति, क्षेत्र र लिङ्गको सन्तुलन हुनु पर्दछ तब मात्र समुन्नत र स्वस्थ समाज र राष्ट्रको निर्माण हुन सक्दछ ।

दमक नगरपालिकाको सन्दर्भमा सहरी क्षेत्रमा बसोबास गर्ने दलितहरुको शैक्षिक स्तर ग्रामीण क्षेत्रका दलितका भन्दा तुलनात्मक रुपमा उच्च छ । प्राय गरेर यिनै सहरी क्षेत्रका दलितहरुका छोराछोरी संस्थागत विद्यालयमा पढ्न जाने गरेको देखिन्छ । ग्रामीण

क्षेत्रबाट पनि केही दलित विद्यार्थीहरु संस्थागत विद्यालयमा पढ्न आउने गरेको पाइन्छ । सामुदायिक विद्यालयको सट्टा संस्थागत विद्यालयमा विद्यार्थीहरु पढ्न आउनका कारणहरुमा राम्रो अनुशासन, उचित हेरचाह, अंग्रेजी शिक्षा र एस. एल. सी. मा राम्रो नतिजा आदि कारणहरु पाइएको छ । तुलनात्मक रुपमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको शिक्षा गुणस्तरीय मानिएको छ । शिक्षा र चेतना भए दलितहरुले आफ्नो गाँस काटेर भए पनि छोराछोरीलाई गुणस्तरीय शिक्षा दिने हिम्मत र आत्मविश्वास विकास गर्ने थिए । दलितहरुको शिक्षा र चेतनाले आफ्नो बालबालिकाको सिकाइ स्थितिमा सुधार ल्याउन सक्ने थिए ।

### ४.३.३. पारिवारिक पृष्ठभूमि

तालिका नं. ९ अनुसार पारीवारिक पृष्ठभूमिका कारण संस्थागत विद्यालयको माध्यमिक तहमा दलितहरुको न्युन भर्ना र सिकाइ हुने प्रतिक्रिया दिनेहरुमा दलित विद्यार्थी १२(९२.३%), गैर दलित विद्यार्थी १०(७६.९%), दलित अभिभावक ८(८७.५%), शिक्षक ७ (५८.३%), प्र. अ. ३ (७५%), दलित संघसंस्थाका पदाधिकारी ३ (१००%), स्थानीय बुद्धिजीवी ३(१००%), विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु १०(८३.३%) गरि जम्मा ५८(७६.३%) पाइएको छ ।

परिवारलाई कुनै पनि बालकको पहिलो पाठशाला मानिन्छ । परिवारबाट नै बालबालिकाको मानसिक, शारीरिक, बौद्धिक एवं संवेगात्मक विकासको प्रारम्भ हुन्छ । सम्पन्न, विपन्न, उच्च एवं निम्न पारीवारिक वातावरणले बालकको शिक्षा लिने अवसरमा प्रभाव पार्छ । शिक्षा प्रति नकरात्मक धारणा भएको पारीवारिक पृष्ठभूमिका बालबालिकाले शिक्षा लिनबाट वञ्चित हुने अवस्था आउँछ । शिक्षित पारीवारिक वातावरण छ भने बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर र पहुँच प्राप्त गर्न सहज हुन्छ । यस्तै गरेर आर्थिक रुपले सवल सानो परिवार छ भने पनि त्यस्ता परिवारका बालबालिकाको राम्रो शिक्षामा पहुँच सहज हुन जान्छ र सिकाइ अभिबृद्धिमा पनि सहयोग पुग्छ । दलितको सन्दर्भमा धेरै दलितहरु शैक्षिक र आर्थिक रुपले कमजोर छन् । धेरै दलित परिवारहरुको प्रकृति संयुक्त छ । यस्ता संयुक्त परिवारमा बालबालिकाको हेरचाहमा कमि आउने स्थिति

रहन्छ । दमक नगरपालिकाको सहरी क्षेत्रमा बस्ने दलित परिवारहरुको पृष्ठभूमि तुलनात्मक रुपमा ग्रामिण दलित परिवारको भन्दा आर्थिक र शैक्षिक रुपमा राम्रो रहेको पाइएको छ ।

### ४.३.४. दलित सम्बन्धि शिक्षा ऐन र नियम

तालिका नं. ९ अनुसार कमजोर ऐन र नियमका कारण दलितहरुले संस्थागत विद्यालयको माध्यमिक तहमा न्यून भर्ना र सिकाइ भएको उत्तर र प्रतिक्रिया दिनेहरुमा दलित विद्यार्थी १०(७६.९%), गैर दलित विद्यार्थी ५(३८.४%), दलित अभिभावक ५(६२.५%), गैर दलित अभिभावक ४(५०%), शिक्षक ९(७५%), प्र. अ. २(५०%), दलित संघसंस्थाका पदाधिकारी ३(१००%), स्थानीय बुद्धिजीवी ३(१००%), विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु १२(१००%) गरि जम्मा ५३(६९.७%) पाइयो ।

शिक्षा, स्वास्थ्य, पोषण जस्ता आधारभूत आवश्यकताको परिपूर्ति राज्यले निशर्त गर्नु पर्दछ भन्ने मान्यता छ । शिक्षालाई व्यक्तिको जन्मसिद्ध अधिकारको रुपमा पनि परिभाषित गरिन्छ । यसैकारण नेपाल सरकारले पनि छात्रवृत्ति तथा निशुल्क शिक्षा सम्बन्धि व्यवस्था शिक्षा नियमावली २०५९ को परिच्छेद-२६ मा गरेको छ । यस व्यवस्था अन्तर्गत सामुदायिक विद्यालयले गरिबीको रेखामुनि रहेका दलित, जनजाति, महिला लगायत अन्य विद्यार्थीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने छ । यसरी नै संस्थागत विद्यालयको कूल विद्यार्थी संख्याको कम्तीमा १०% नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्दछ । संस्थागत विद्यालयको हकमा युगौंदेखि पिछडिएको वा पछि रहन बाध्य पारिएको सबैभन्दा उत्पिडित दलित समुदायलाई अन्य विभिन्न वर्गसँग मिसाइएको छ । यकिन रुपमा कति दलितले छात्रवृत्ति पाउने स्पष्ट पारिएको छैन । विद्यालयले निशुल्क पढाउँदैमा दलित विद्यार्थीहरुको संस्थागत विद्यालयमा पहुँच पुग्न सक्छ भन्ने कुनै ग्यारेन्टी छैन । शिक्षाभन्दा पनि आधारभूत आवश्यकता गाँस, बास, कपडा, कपि, कलम, पाठ्यपुस्तक खरिद गर्ने क्षमता पहिला परिपूर्ति गर्नुपर्ने हुन्छ । यसप्रति सरकारी ऐन नियमको ध्यान पुगेको पाइँदैन ।

वर्तमान अवस्थामा देशभरिमा सञ्चालित दश हजार संस्थागत विद्यालयहरुलाई अहिले सरकारले कम्पनीमा लगि व्यापार गर्ने थलो बनाएको छ । सरकारले संस्थागत विद्यालयले आर्जन गरेको मुनाफाको २५% आय कर र जम्मा आम्दानीको १% शिक्षा सेवा कर लिइरहेको छ । शिक्षाबाट उठेको करलाई दलित लगायत पिछडिएको जातिको शिक्षामा प्रत्यक्ष लगानि गरे दलितले आफ्नो आधारभूत आवश्यकता पूरा गर्दै विद्यालयमा शिक्षा हासिल गर्न सक्ने थिए । सबै संस्थागत विद्यालयहरु आर्थिक रुपमा सक्षम छैनन् । यस्ता संस्थागत विद्यालयहरुलाई सरकारले करबाट प्राप्त रकम मार्फत संरक्षण गर्नु पर्दछ । अनि मात्र संस्थागत विद्यालयले दलित विद्यार्थीहरुलाई निशुल्क शिक्षा प्रदान गर्ने क्षमता प्राप्त गर्दछ । सक्षम विद्यालयबाट कर उठाएर उक्त रकम विशेष कोष मार्फत पारदर्शि तरिकाले प्रत्यक्ष रुपमा शिक्षामा नै खर्च गर्नु पर्दछ । सरकारले दलित शिक्षा कोष खडा गरी बढी भन्दा बढी दलित विद्यार्थीहरुलाई संस्थागत विद्यालयमा प्रवेश गराउने प्रयास गर्नु पर्दछ । संस्थागत विद्यालयको एस. एल. सी. नतिजा सामुदायिक विद्यालयको भन्दा उत्कृष्ट भएकोले धेरै भन्दा धेरै दलित विद्यार्थीहरुलाई सरकारले संस्थागत विद्यालयमा पढ्ने वातावरण बनाउनु पर्दछ ताकि धेरै भन्दा धेरै दलित विद्यार्थीले एस. एल. सी. उत्तीर्ण गरी उच्च शिक्षा हासिल गर्ने मौका पाउन सकोस ।

### ४.३.५. सामाजिक विभेद र हिनभावना

तालिका नं. ९ अनुसार संस्थागत विद्यालयको माध्यमिक तहमा सामाजिक विभेद र हिनभावनाले दलितहरुको न्युन भर्ना र सिकाइ भएको उत्तर र प्रतिक्रिया दिनेहरुमा दलित विद्यार्थी ५(३८.४%), गैर दलित विद्यार्थी ४(३०.६७ %), दलित अभिभावक ५(६२.५%), गैर दलित अभिभावक ४ (५०%), शिक्षक ९(७५%), प्र. अ. ४ (१००%), दलित संघसंस्थाका पदाधिकारीहरु ३ (१००%), स्थानीय बुद्धिजीवी ३(१००%), विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु ११ (९१.६%) गरि कूल ४८ (६३.१%) रहेका छन् ।

हिन्दू वर्ण व्यवस्था अन्तर्गत शुद्र वर्णमा पारिएको दलित समुदायलाई युगौंदेखि सामाजिक रुपमा शोषण, बहिष्कार र तिरस्कार गरिएको पाइन्छ । दलितहरुलाई समाजमा तल्लो वर्गको अछुत जात मानि जन्म, मृत्यु, विवाह जस्ता संस्कारहरुमा विभेद गरिएको

पाइन्छ । कतिपय स्थानहरुमा दलितहरुले आफैँले कुदेको मुर्ति समेत मन्दिरमा गई पुज्न पाएका छैनन् । कतिपय स्थानहरुमा दलित भएकै कारण डेरा समेत नपाएको दृष्टान्त जग जाहेर नै छ । दलितसँगको वैवाहिक सम्बन्धलाई लिएर गैर दलितहरुले गर्ने गरेको विरोध र अत्याचारका समाचारहरुले अहिले पनि पत्रपत्रिकाका धेरै पृष्ठहरु भरिने गरेको पाइन्छ । विगतको तुलनामा वर्तमानमा दलितहरु प्रतिको सामाजिक विभेदमा केही सुधार अवश्य भएको पाइन्छ । दमक नगरपालिकाको सन्दर्भमा सामाजिक विभेदको मात्रा सहरी क्षेत्रमा कम र ग्रामीण क्षेत्रमा धेरै रहेको पाइएको छ । संस्थागत विद्यालयमा हाल अध्ययनरत दलित तथा गैर दलित विद्यार्थीमा समेत दलितप्रति गरिने विभेदको प्रभाव परेको पाइएको छ । दलित विद्यार्थीहरुले न्यून रुपमा भएपनि विभेदको शिकार हुनु परेको छ भने गैर दलित विद्यार्थीहरुमा न्यून रुपमा भए पनि दलितले छोएको खान नहुने तथा दलित तल्ला जातिका हुन् भन्ने मनोवैज्ञानिक असर परेको पाइएको छ ।

युगौँयुगदेखि विभेदको सिकार बनेको दलितहरुलाई विभेदबाट मुक्त गर्न विभिन्न कानुन बने पनि यो पूर्ण रुपमा प्रभावकारी बन्न सकेको छैन । दलितहरु आफैं पनि रुढीग्रस्त सोच, दमित भावना, कुण्ठा र हिनताबोधका कारण ऐन, कानुन र त्यसको उपभोग गर्न पर्याप्त आँट र हिम्मत गर्न सकिरहेको छैनन् । युगौंदेखि रहेको हिन भावनाले पनि दलितहरुलाई तथाकथित सम्रान्त वर्गले पढ्ने भनिएको संस्थागत विद्यालयमा गई आफ्नो बालबालिका पढाउन अबरोध पुऱ्याएको हुन सक्छ । यस मानसिकताले दलित बालबालिकाको सिकाइलाई पनि प्रभाव पारेको छ ।

### ४.३.६. परम्परागत व्यवसाय/पेशा

तालिका नं. ९ लाई विश्लेषण गर्दा पेशागत कारणले दलितहरुको संस्थागत माध्यमिक विद्यालयमा भर्ना र सिकाइमा अवरोध पुग्न सक्ने उत्तर र प्रतिक्रिया दिनेहरुमा दलित विद्यार्थी ४(३०.७ %), गैर दलित विद्यार्थी २ (१५.३८%), दलित अभिभावक ५(६२.५%), गैर दलित अभिभावक ४ (५०%), शिक्षक ३(२५%), प्र. अ. २(५०%), दलित संघसंस्थाका प्रतिनिधि ३(१००%), स्थानीय बुद्धिजीवी ३(१००%), विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु ७ (५८.३%) गरि जम्मा ३३ (४३.४%) पाइएको छ ।

वर्णाश्रम व्यवस्था अन्तर्गत शुद्र वर्णले निश्चित पेशा गर्नु पर्ने स्थिति बसालिएको थियो । विश्वकर्माले फलामको काम गर्नुपर्ने, दर्जीले सिलाइबुनाई, सार्कीले छालाजुत्ताको काम, गन्धर्वले गाउने र बजाउने काम, डोमले फोहोर सफा गर्ने काम आदि युगौंदेखि गर्दै आइरहेको काम हो । यही निश्चित पेशा गर्ने गराउने बाहानामा दलितहरुलाई भूमिको स्वामित्वबाट अलग गरियो । निश्चित पेशागत काम नगर्ने दलितहरुले महाजनको हली बस्नुपर्ने, जनमन गर्नुपर्ने र तल्लो स्तरको श्रमिक मजदुरी गर्नुपर्ने अवस्था थियो । परम्परागत रुपमा रहेका यस्ता पेशाहरुले हालसम्म पनि निरन्तरता पाइरहेको देखिन्छ । केही दलितहरुले आफ्नो पेशाहरुलाई व्यवसायीकरण र आधुनिकीकरण गरेर आर्थिक रुपमा आफूलाई सफल तुल्याएको पनि वर्तमान अवस्था छ । जस्तो विश्वकर्माको सुन-चाँदी व्यवसाय, दर्जीको टेलरिङ्ग व्यवसाय, सार्कीको छालाजुत्ताको आधुनिक व्यवसाय यसका केही उदाहरणहरु हुन् । यस्ता व्यवसायहरुमा हाल गैर दलितले पनि हात हालेका छन् र दलितहरुलाई बिस्थापित गर्दै लगेका पनि पाइन्छ । राम्रो आम्दानी हुने व्यवसायमा गैर दलितले हस्तक्षेप गर्ने तर आम्दानी नहुने तल्लो स्तरको श्रम गर्नुपर्ने व्यवसाय चाहिँ दलितले नै गर्नुपर्ने अवस्था पनि सिर्जना भएको छ । गन्धर्व जस्ता दलितको रोजीरोटीको आधार साराङ्गी बजाउने र गीत गाउने कलाको हाल कदर हुन सकेको छैन । यस्तो अवस्थामा उनीहरु मगन्तेको श्रेणीमा झरिसकेको अवस्था पनि छ । श्रमको उचित मूल्य पाउन नसक्नु, पेशालाई व्यवसायीकरण गर्न नसक्नु, परम्परागत आफ्नो पेशामा गैर दलितको हस्तक्षेप हुनु आदि कारणले दलितहरुको आर्थिक अवस्था दयनिय छ । दलितहरुले आफ्नो छोराछोरीलाई विद्यालय नपठाएर आफ्नै पेशामा बालश्रम गराउन बाध्य भएका पनि छन् । यस कारण पेशागत समस्याका कारण पनि दलितहरुले आफ्नो छोराछोरीलाई विद्यालय पठाउन सक्दैनन् र पठाएपनि शैक्षिक क्रियाकलापमा अब्बल नतिजा प्राप्त गर्न सक्दैनन् ।

## ४.४. दलित बालबालिकाले प्राप्त गरिरहेको सुविधाको अवस्था

दलित समुदाय सदियौंदेखि उत्पिडनको अवस्थामा रहेका छन् । दलित समुदायलाई राज्य र समाजले पनि विगतमा न्याय गरेको देखिदैन । यसको फलस्वरुप दलितहरु शैक्षिक,

आर्थिक र सामाजिक रुपमा आजको अवस्थामा धेरै पछाडि छन् । दलित समुदायलाई शैक्षिक रुपमा अगाडि बढाउन वर्तमान अवस्थामा राज्यले विभिन्न नीतिहरु बनाई लागू गरेको छ । सामुदायिक विद्यालयमा दलितहरुको लागि विशेष सहुलियतको व्यवस्था गरिएको छ । संस्थागत विद्यालयमा पनि दलित, जनजाति, महिला र अपाङ्गहरुलाई सम्पूर्ण विद्यार्थी संख्याको १०% भन्दा कम नहुने गरि छात्रवृत्ति दिइनु पर्ने नीति राज्यले लिएको छ । संस्थागत विद्यालयहरु नीजि स्रोतमा संचालन भएका शैक्षिक संस्थाहरु भए पनि समाज प्रति जिम्मेदार बनाउन यो नीति लागू गरिएको हुन सक्छ । यसै सन्दर्भमा अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयका प्र. अ. लाई के-कस्ता सहुलियत दलित विद्यार्थीलाई दिइएको छ भन्ने बारेमा जानकारी लिँदा सबै प्र. अ. ले दलितहरुलाई शुल्कमा छुट दिइएको, छात्रवृत्ति प्रदान गरिएको र शिक्षा नियमावली बमोजिम सहुलियत दिइएको प्रतिक्रिया प्राप्त भयो । शिक्षा नियमावलीमा दलित, जनजाति, महिला र अपाङ्गलाई एउटै वर्गमा राखि नियम बनाइएको हुनाले स्पष्ट रुपमा दलितले मात्र के-कस्तो सहुलियत पाउने हो निर्क्यौल गर्न सक्ने अवस्था छैन ।

अध्ययनरत १३ जना दलितहरुबाट प्राप्त प्रतिक्रिया अनुसार तल दिइएको तालिकामा उल्लेखित सहुलियत हाल दलित बालबालिकाले उपभोग गरिरहेका तथ्याङ्क प्राप्त भएको छ ।

तालिका नं. १०

दलित बालबालिकाले प्राप्त गरेको सहुलियत विवरण

| विद्यालय | जम्मा | वार्षिक र मासिक शुल्कमा आंशिक सहुलियत | वार्षिक शुल्कमा आंशिक सहुलियत | मासिक शुल्कमा पूर्ण सहुलियत | अन्य सहुलियत | कुनै पनि सहुलित नपाउने |
|---|---|---|---|---|---|---|
| मेची | ६ | २ | १ | १ | - | २ |
| एभरेष्ट | ३ | १ | १ | - | - | १ |
| इष्टर्न स्टार | २ | १ | १ | - | - | - |
| चुलाचुली | २ | १ | १ | - | - | - |
| जम्मा | १३ | ५ | ४ | १ | - | ३ |

तालिका नं. १० लाई अध्ययन गर्दा चारवटा संस्थागत विद्यालयहरुमा जम्मा १३ जना विद्यार्थीहरु मध्ये १० जनाले केही सहुलियत उपभोग गरिरहेको पाइयो । ३ जना दलित विद्यार्थीहरुले कुनै पनि सहुलियत उपभोग गरेको पाइएन । संस्थागत विद्यालयहरुले शिक्षा नियमावलीमा उल्लेख भए बमोजिम पूर्ण छात्रवृत्ति नदिए पनि वार्षिक र मासिक शुल्कमा केही छुट दिएको पाइयो ।

## ४.५. दलित विद्यार्थीको सिकाइ अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायहरु

प्राप्त तथ्याङ्क र प्रतिक्रियाहरुको विश्लेषण गर्दा संस्थागत विद्यालयको माध्यमिक तहमा दलित विद्यार्थीको न्यून भर्ना र सिकाइ भएको देखिन्छ । उल्लेखित संस्थागत विद्यालय र दलित बालबालिकासँग सरोकार राख्ने विभिन्न पक्षहरुलाई प्रतिनिधित्व गर्ने ७६ जना उत्तरदाताहरुबाट प्राप्त न्यून भर्ना र सिकाइ हुनुका कारण र प्रभाव पार्ने तत्वहरु र दलित विद्यार्थीहरुको शैक्षिक क्रियाकलापलाई अध्ययन गर्दा दलित बालबालिकाको संस्थागत विद्यालयको माध्यमिक तहमा भर्ना र सिकाइ बढाउन तल दिइएको उपायहरु अवलम्बन गर्नु पर्दछ ।

विद्यालयले दलित बालबालिकाको क्षमता, रुची, पारिवारिक पृष्ठभूमि जस्ता पक्षहरुको गहन अध्ययन गरि विभिन्न शैक्षिक क्रियाकलापमा सहभागि हुन र राम्रा नतिजा ल्याउन उत्प्रेरणा प्रदान गर्नुपर्दछ । विद्यालयमा भएका दलित बालबालिकाहरुलाई पाउलो फ्रेरेले भने जस्तै विद्यालयमा सिकेका ज्ञान र सीपलाई आफ्नो व्यवहारिक जीवनमा प्रयोग गर्न सक्ने बनाइयो भने उसको जीवन सफल हुन्छ । यसले अन्य दलित बालबालिकालाई पनि विद्यालय तर्फ आकर्षित गर्छ र सिकाइ अभिबृद्धि प्रेरित गर्छ । दलित बालबालिकालाई समाजमा आफ्नो समस्या अभिव्यक्त गर्न सक्ने, विभिन्न सामाजिक कार्यक्रममा सहभागि भई केही योगदान दिन सक्ने तथा आफ्नै पूर्खाहरुले परम्परागत रुपमा गर्दै आएका पेशाहरुलाई आधुनिकीकरण गरी पूर्ण व्यवसायीकरण गर्ने सीप विद्यालयले प्रदान गर्न सक्नुपर्छ ।

दलित विद्यार्थीको शिक्षामा भर्ना र सिकाइ बढाउनको लागि सर्वप्रथम दलित समुदायमा मास्लोको शब्दमा शारीरिक आवश्यकता भनिने गाँस, बास, कपास, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने आर्थिक क्षमताको विकास गर्नुपर्ने देखिन्छ । कमजोर आर्थिक अवस्थाको कारणले नै दलित विद्यार्थीहरु संस्थागत विद्यालयमा भर्ना हुन नसकेको र भर्ना भएपनि सिकाइको स्थिति कमजोर भएको उल्लेख भइसकेको छ ।

दलितहरु युगौँसम्म दासत्वको बन्धनमा जकडिएको हुनाले अहिले कानुनी रुपमा उनीहरु स्वतन्त्र भए पनि यसको चेतना अधिकांश दलितहरुमा छैन । देशमा शिक्षित र अगुवा दलितहरुले विभिन्न गैर सरकारी संघसंस्था स्थापना गरेर दलितहरुलाई शिक्षा र चेतना दिने अभियान चलाइरहेका भए पनि दमक नगरपालिका क्षेत्रमा यसको प्रभाव न्यून रहेको दलित संघसंस्थाका पदाधिकारीहरुको प्रतिक्रियाबाट प्राप्त भएको छ । शिक्षा र चेतनाको अभावमा दलितहरु संस्थागत विद्यालयसम्म पुग्न असहज महसुस गरेको पाइएको छ । तसर्थ राज्यले विभिन्न अनौपचारिक प्रौढ शिक्षाका कार्यक्रम ल्याएर तथा गैर सरकारी संस्थाहरु र विद्यालयले पनि विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरेर दलितहरुमा शिक्षा र चेतनाको विकास गराउनु पर्दछ ।

परिवार कुनै पनि बालकको पहिलो पाठशाला भएकोले सबैभन्दा पहिले दलित परिवारलाई आर्थिक र शैक्षिक रुपमा सक्षम बनाउने कार्यक्रमहरु राज्य र गैर राज्य सम्पूर्ण पक्षले ल्याउनु पर्दछ । परीवार सक्षम भए मात्र सो परीवारबाट बालकले गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाउँदछ र बालकको सिकाइ अभिबृद्धि हुने छ ।

संस्थागत विद्यालयमा दलितहरु सम्वन्धि शिक्षा ऐन र नियम फितलो र अस्पष्ट छ । सरकारले स्पष्ट ऐन र नियम ल्याउनु पर्दछ । प्रत्येक संस्थागत विद्यालयमा कस्तो आधारमा कति संख्यामा दलित विद्यार्थीहरु मात्रले शिक्षा पाउने हो स्पष्ट किटान हुनुपर्दछ । दसौँ हजार संस्थागत विद्यालयहरु कम्पनी प्रणालीमा गई करोडौँ रुपियाँ आय कर र शिक्षा सेवा कर तिरिरहेको अवस्था छ । शिक्षाबाट प्राप्त करलाई सरकारले शिक्षा क्षेत्रमा नै खर्च गर्नुपर्दछ । शिक्षा क्षेत्रमा पनि सबैभन्दा अन्यायमा परेका र युगौँ देखि पछाडि परेको दलित

जातिको शिक्षाको उत्थानको लागि दलित शिक्षा कोष खडा गरी दलित विद्यार्थीहरुलाई संस्थागत विद्यालयमा शिक्षा दिने वातावरण तयार गर्नु पर्दछ ।

दलितहरुले युगौँसम्म सामाजिक विभेद भोगेकाले अहिले कानुनी रुपमा सामाजिक विभेद मुक्त भए पनि उनीहरुको मन र मस्तिष्कमा हिन भावना जीवित नै रहेको पाइन्छ । समाजमा रहेका कतिपय पुरातन सोच भएका गैर दलितहरुले अहिले पनि विभिन्न कर्म र संस्कारमा दलितहरुलाई विभेद गरीरहेकै अवस्था छ । दलितहरुले अहिले पनि समाजमा माया र अधिकार होइन दयाको पात्रको रुपमा जीवन गुजार्नु पर्ने अवस्था छ । मास्लोले भने जस्तो दलितहरुको उचित सामाजिक आवश्यकता, माया, स्नेह र सद्भावको आवश्यकता परिपूर्ति गर्न आवश्यक उत्प्रेरणा प्रदान गर्न सकिएको छैन । समाजमा रहेका विभिन्न दलित र गैर दलित संस्थाहरुले सामाजिक विभेदको विरुद्धमा सशक्त अहिंसात्मक आन्दोलन संचालन गर्नुपर्ने देखिन्छ । सामाजिक विभेदका दोषीहरुलाई सरकारले कडाभन्दा कडा सजाय दिनुपर्दछ । विद्यालयलाई विभेदरहित संस्था बनाउन सम्बन्धित सबैले आफूले सक्ने योगदान दिनुपर्दछ ।

दलितहरुको परम्परागत पेशा/व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गरी उनीहरुको कला र सीपलाई सम्मान गरीनु पर्दछ । एउटै पेशा गैर दलितले गर्दा सम्मानित हुने, दलितले गर्दा हेय दृष्टिले हेर्ने परीपाटीको अन्त्य हुनुपर्दछ । दलितहरुको परम्परागत व्यवसायलाई राज्यले पनि संरक्षण गर्नुपर्दछ र उच्च सम्मान प्रदान गर्ने परीपाटी बसाल्नु पर्दछ ।

समाजमा दलितहरु आत्मसम्मान र आत्मस्वाभिमानको प्राप्तिको अवस्थामा पुगेपछि स्वभाविक रुपमा उनीहरुले गुणस्तरीय शिक्षाको खोजी गर्छन् । यस अवस्थामा आफ्ना बालबालिकालाई संस्थागत विद्यालयमा भर्ना गर्न स्वत-स्फुर्त उत्प्रेरित हुनेछन् । यसरी संस्थागत विद्यालयमा दलितहरुको पहुँच बढाइ दलित बालबालिकाको सिकाइ अभिवृद्धि गर्न सकिने छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा शोध अध्ययनको उद्देश्य अनुरुप विभिन्न विधि र साधनहरुको प्रयोग गरेर प्राप्त गरीएका प्रतिक्रिया र तथ्याङ्कहरुलाई विश्लेषण व्याख्या गरी पाइएको प्राप्ति, निश्कर्ष र सुझावहरुलाई प्रस्तुत गरीएको छ ।

## ५.१. प्राप्ति

अध्ययन गरीएका चारवटा संस्थागत विद्यालयको माध्यमिक तहमा २०६५, २०६६ र २०६७ सालको दलित बालबालिकाहरुको भर्नाको स्थिति अध्ययन गर्दा २०६५ सालमा कुल ४५४ जना विद्यार्थी भर्ना भएकोमा दलित बालबालिकाको संख्या ५ अर्थात १.१% मात्र पाइयो । २०६६ सालमा कुल ४६० विद्यार्थी भर्ना भएकोमा दलित बालबालिकाको संख्या ७ अर्थात १.५% मात्र पाइयो । २०६७ सालमा कुल ४७७ विद्यार्थी भर्ना भएकोमा दलित बालबालिकाको संख्या ९ अर्थात १.९% मात्र पाइयो । समग्रमा तीन बर्षको कुल भर्ना भएका विद्यार्थी संख्या १३९१ मध्ये दलित विद्यार्थीको संख्या २१ अर्थात १.५% मात्र पाइयो । यसरी गैर दलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको भर्नाको स्थिति अत्यन्तै न्यून पाइयो । राष्ट्रिय जनगणना २०५८ को अभिलेख अनुसार दमक नगरपालिकाको दलितहरुको जनसंख्या प्रतिशत ७.८% रहेको छ । जनसंख्याको आधारमा पनि दलित विद्यार्थीहरुको संस्थागत विद्यालयहरुको माध्यमिक तहमा भर्नाको स्थिति न्यून देखिन्छ ।

अध्ययन गरीएका चारवटा संस्थागत विद्यालयको २०६५, २०६६ र २०६७ सालमा दलित विद्यार्थीहरुको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने संख्या शुन्य रहेको पाइयो । गैर दलित विद्यार्थीहरु मध्येबाट २०६५ सालमा कक्षा-९ मा ४ जना, कक्षा-१० मा ४ जना विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो । २०६६ सालमा गैर दलित विद्यार्थीहरु मध्येबाट कक्षा-९ मा १ जना विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । २०६७ सालमा कक्षा-९ मा ४ जना गैर दलित विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो । थोरै दलित विद्यार्थीहरु मात्र माध्यमिक तहमा पुग्ने गरेको कारणले हुन सक्छ, दलित विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने अवस्था संस्थागत विद्यालयमा न्यून रहेको पाइयो ।

विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासमा पढाइ-लेखाइ बाहेक पनि विभिन्न क्रियाकलापले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । प्रत्यक्ष अवलोकन गरी दलित तथा गैर दलित बालबालिकाहरुको शैक्षिक क्रियाकलापको अवस्थालाई उत्तम, मध्यम र न्यून गरी तीन भागमा वर्गिकरण गरिएको थियो । सिकाइ क्षमता, गृहकार्य, नियमितता, साथीहरुसँको सम्बन्ध, शिक्षककहरुसँगको सम्बन्ध, अतिरीक्त क्रियाकलाप, अुशासन र व्यक्तिगत सरसफाइ जस्ता पक्षहरुलाई अवलोकन गर्दा दलितहरुको शैक्षिक क्रियाकलापको उत्तम वर्गमा औसत प्रतिशत ४६.२% र मध्यममा ३८.५% र निम्नमा १५.४% रहेको पाइयो । यसरी नै गैर दलित बालबालिकाको शैक्षिक क्रियाकलापको उत्तम वर्गमा ६१.५%, मध्यम २३.१% र निम्न १५.४% पाइयो । उत्तम वर्गमा गैर दलित विद्यार्थीहरुको प्रतिशत उच्च पाइयो । मध्यम वर्गमा दलित बालबालिकाको प्रतिशत उच्च पाइयो । विभिन्न शैक्षिक क्रियाकलापमा दलित विद्यार्थीहरु गैर दलित विद्यार्थीहरुभन्दा निम्न स्तरमा रहेको र दलितहरुको सिकाइको स्थिति कमजोर रहेको पाइयो ।

वर्तमान अवस्थामा संस्थागत विद्यालयमा अधिकांश दलित बालबालिकाले आशिंक रुपमा भएपनि बार्षिक र मासिक शुल्कमा सहुलियत प्राप्त गरिरहेको पाइयो । केही विद्यार्थीहरुले मासिक शुल्कमा पूर्ण सहुलियत प्राप्त गरिरहेको पाइयो । सरकारी र गैर सरकारी कुनैपनि निकायबाट प्रत्यक्ष रुपमा भौतिक र आर्थिक सहयोग दलित विद्यार्थीहरुलाई प्राप्त भएको पाइएन । अस्पष्ट सरकारी ऐन र नियमको बावजुत पनि संस्थागत विद्यालयले माध्यमिक तहमा अध्ययरत दलित बालबालिकालाई आफ्नो क्षमता अनुकूलको सुविधा प्रदान गरेको पाइयो ।

न्यून भर्ना र सिकाइ हुनका कारण र प्रभाव पार्ने तत्वहरुमा कमजोर आर्थिक अवस्था, शिक्षा र चेतनाको अभाव, पारिवारिक पृष्ठभूमि, सरकारको दलित शिक्षा सम्वन्धी शिक्षा ऐन र नियम, सामाजिक विभेद र हिन भावना र परम्परागत पेशा/व्यवसाय पाइयो । जम्मा ७६ जना उत्तरदाताहरुमध्ये ७०(९०.१%) ले कमजोर आर्थिक अवस्था, ५९ (७७.६%) ले शिक्षा र चेतनाको अभाव, ५८(७६.३%) ले पारीवारिक पृष्ठभूमि, ५३(६९.७%) ले सरकारको दलित सम्वन्धि शिक्षा ऐन र नियम, ४८ (६३.१%) ले सामाजिक विभेद र हिन

भावना र ३३ (४३.४%) ले परम्परागत पेशा र व्यवसाय नै दलित बालबालिकाको संस्थागत विद्यालयको माध्यमिक तहमा न्यून भर्ना र सिकाइ हुनका कारण र प्रभाव पार्ने तत्वहरु हुन् भनि प्रतिक्रिया दिइएको पाइयो ।

## ५.२. निष्कर्ष

अध्ययन क्षेत्र दमक नगरपालिकाको ४ वटा संस्थागत माध्यमिक विद्यालयको माध्यमिक तहमा दलित विद्यार्थीहरुको भर्नाको स्थिति हेर्दा दलित विद्यार्थीहरुको भर्ना प्रतिशत गैर दलित विद्यार्थीहरुको तुलनामा अत्यन्तै न्यून पाइयो । दमक नगरपालिकाको दलित जनसंख्याको प्रतिशतको आधारमा पनि दलित विद्यार्थीहरुको भर्ना प्रतिशत न्यून पाइयो । समग्रमा संस्थागत विद्यालयको माध्यमिक तहमा दलितहरुको भर्ना पहुँच न्यून रहेको पाइयो । अध्ययन गरीएका संस्थागत विद्यालयका माध्यमिक तहमा दलित विद्यार्थीहरुको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने संख्या न्यून पाइयो । प्राय सहरी क्षेत्रका तुलनात्मक रुपमा आर्थिक स्तरमा केही सवल दलित परीवारहरुबाट अत्यन्तै न्यून संख्यामा विद्यार्थीहरु माध्यमिक तहमा पुग्ने गरेका हुनाले यी विद्यार्थीहरुले न्यून रुपमा कक्षा दोहोऱ्याउने वा विद्यालय छाड्ने गरेको पाइयो ।

सिकाइ क्षमता, गृहकार्य, नियमित उपस्थिति, साथीहरुसँगको सम्बन्ध, अतिरीक्त क्रियाकलाप, व्यक्तिगत सरसफाइ जस्ता शैक्षिक क्रियाकलापमा दलित विद्यार्थीहरुका सिकाइ गैर दलित विद्यार्थीको तुलनामा कमजोर भएको अवलोकनाबाट प्राप्त भएको छ । शैक्षिक क्रियाकलापको विश्लेषण गर्दा दलित बालबालिकाको सिकाइ न्यून रहेको पाइयो ।

अध्ययनरत दलित विद्यार्थीहरुबाट र सम्बन्धित प्र. अ. हरुबाट प्राप्त प्रतिक्रिया अनुसार अधिकांश दलित विद्यार्थीहरुलाई आंशिक रुपमा भए पनि वार्षिक र मासिक शुल्कमा सहुलियत दिइएको पाइयो । केही दलित विद्यार्थीहरुलाई मासिक शुल्कमा पूर्ण सहुलियत पनि संस्थागत विद्यालयको तर्फबाट दिइएको पाइयो । सरकारी र अन्य गैर सरकारी संघसंस्थाबाट संस्थागत विद्यालयको माध्यमिक तहमा अध्ययनरत कुनै पनि दलित विद्यार्थीलाई कुनै पनि आर्थिक र भौतिक सहयोग गरेको पाइएन । अस्पष्ट सरकारी ऐन र

नियमको बावजुद पनि संस्थागत विद्यालयले माध्यमिक तहमा अध्ययनरत दलित बालबालिकालाई आफ्नो क्षमता अनुकुलको सहुलियत र सुविधा प्रदान गरीएको निश्कर्ष निकालिइयो ।

संस्थागत विद्यालयको माध्यमिक तहमा दलितहरुको न्यून भर्ना र सिकाइ हुनका कारणहरु र प्रभाव पार्ने तत्वहरुमा कमजोर आर्थिक अवस्था, दलितहरुमा शिक्षा र चेतनाको अभाव, प्रतिकूल पारीवारीक पृष्ठभूमि, सरकारको दलितप्रतिको फितलो र अस्पष्ट शिक्षा ऐन र नियम, युगौँदेखि दलितहरुले भोगिरहेका सामाजिक विभेद र यसको परीणाम स्वरुप दलितहरुमा विकास भएको हिनभावना तथा परम्परागत पेशा तथा व्यवसायलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न नसक्नु जस्ता पक्षहरु रहेको पाइयो ।

## ५.३. सुझावहरु

अध्ययन गरिएका चारवटा संस्थागत विद्यालयहरुमा माध्यमिक तहमा दलित विद्यार्थीहरुको भर्ना पहुँच न्यून पाइयो । सर्वाङ्गीण व्यक्तित्व विकासको लागि विद्यालयमा संचालन गरीने विभिन्न शैक्षिक क्रियाकलापमा पनि दलित विद्यार्थीहरुको पहुँचको स्थिति गैर दलित विद्यार्थीको तुलनामा न्यून पाइयो । अधिकांश दलित विद्यार्थीहरुलाई संस्थागत विद्यालयहरुले वार्षिक र मासिक शुल्कमा आंशिक सहुलियत दिइएको पाइयो । अत्यन्तै न्यून संख्यामा मात्र पूर्ण छात्रवृत्ति दिइएको पाइयो । केही दलित विद्यार्थीहरुले कुनै पनि सहुलियत प्राप्त गरेको पाइएन । सरकारी र अन्य गैर सरकारी निकायहरुबाट दलित विद्यार्थीहरुलाई कुनै पनि किसिमको आर्थिक र भौतिक सहयोग गरेको पाइएन ।

दलित विद्यार्थीहरुको संस्थागत विद्यालयको माध्यमिक तहमा न्यून न्यून भर्ना र सिकाइ हुनमा कमजोर आर्थिक अवस्था, शिक्षा र चेतनाको अभाव, पारीवारिक पृष्ठभूमि, सरकारको दलितप्रतिको शिक्षा ऐन र नियम, सामाजिक विभेद र हिन भावना तथा परम्परागत व्यवसाय जस्ता तत्वहरुले प्रभाव पारेको पाइयो ।

उल्लेखित विद्यमान परिप्रेक्ष्यमा दलित विद्यार्थीहरुको संस्थागत विद्यालयको माध्यमिक तहमा न्यून भर्ना र सिकाइ बढाउन नीतिगत, अभ्यासगत र अनुसन्धनात्मक तहमा निम्न अनुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१. नीतिगत तह

संस्थागत विद्यालयको माध्यमिक तहमा दलित विद्यार्थीहरुको न्यून भर्ना र सिकाइ न्यून हुनुको प्रमुख कारण दलितहरुको कमजोर आर्थिक अवस्था पाइएकोले आर्थिक अवस्था सुदृढ बनाउन सरकारले दलितहरुको आयको प्रमुख स्रोत रहेको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्न दलितहरुलाई तालिम दिने तथा आर्थिक सहयोग गर्ने नीति निर्माण गर्नुपर्दछ ।

भूमिहिन तथा कुनै पनि व्यवसायमा नलागेका अत्यन्तै न्यून स्तरको श्रम गर्ने दलितहरुलाई विभिन्न व्यवसायीमूलक तालिमहरु प्रदान गरी आफ्नै व्यवसाय संचालन गर्न आर्थिक सहयोग गर्ने र आवश्यक मात्रामा रोजगारको व्यवस्था गर्ने नीति बनाउनुपर्दछ ।

शिक्षित बेरोजगार दलितहरुलाई राज्यको विभिन्न निकायहरुमा तल्लोदेखि माथिल्लो संरचनासम्म उनीहरुको शैक्षिक योग्यता अनुसारको स्थान दिई नीति निर्माणमा समेत सहभागि गराउनु पर्दछ ।

दलितहरुको शिक्षा र चेतना अभाव तथा सरकारको दलितप्रतिको अस्पष्ट शिक्षा ऐन र नियमका कारण दलितहरुले आफ्ना नानीहरुलाई संस्थागत विद्यालयमा पढाउन नसकेको पाइएकोले यो समस्यालाई न्यूनिकरण गर्नका लागि राज्यले अनौपचारिक शिक्षाको माध्यमबाट दलितहरुलाई लक्षित गरी विभिन्न शिक्षा र चेतनााको प्रभावकारी योजना र कार्यक्रमको नीति ल्याउनु पर्दछ ।

दलितहरुलाई आर्थिक, शैक्षिक र सामाजिक पक्षहरुमा अन्य जातजाति सरहको स्थितिमा ल्याउन राज्यले दलितहरुलाई विशेष सहुलियत र सुविधा दिनुपर्छ । संस्थागत विद्यालयका

विद्यार्थीहरु प्रतिको शिक्षा ऐन र नियम स्पष्ट छैन । सरकारले दलितहरुलाई पिछडिएको जातिमा सुचिकृत गरी सुविधा प्रदान गर्ने नीति बनाउनु पर्छ ।

कम्पनी ऐन अन्तर्गत संचालित हजारौँ संस्थागत विद्यालयहरुले वर्षेनी करोडौँ रुपैयाँ शिक्षा सेवा कर र आय करको रुपमा राज्यलाई बुझाइ रहेका करको रकम पारदर्शी र वैज्ञानिक तरिकाले शिक्षा क्षेत्रकै उत्थानको निम्ति प्रयोग गर्ने नीति राज्यले लिनुपर्दछ र यही करको रकम मध्येबाट दलित शिक्षा कोष खडा गरी वैज्ञानिक तरिकाले दलित बालबालिका छनौट गरेर उनीहरुको आधारभूत आवश्यकता पूरा गर्दै संस्थागत विद्यालयमा पढ्न जाने वातावरण तयार पार्ने नीति राज्यले लिनुपर्दछ ।

### ५.३.२. अभ्यासगत तह

दलित उत्थान र विकासका लागि विगत देखि वर्तमानसम्म बनेका सम्पूर्ण ऐन, कानुन र नियमहरुलाई समय र परिस्थिति अनुसार पूर्ण रुपले कार्यान्वयन र अभ्यासमा ल्याई दलित बालबालिकालाई जुनसुकै शैक्षिक संस्थामा अध्ययन गर्दा पनि विशेष सुविधा उपलब्ध गराउनु पर्दछ ।

दलितहरुलाई सचेत बनाई प्राप्त अधिकारको उपयोग गर्ने वातावरण तयार गर्दै समाजका बुद्धिजीवी, सामाजिक संघ संस्था, राज्यका इकाइहरु, शिक्षक, प्र. अ. तथा गैर दलित जातिहरुले दलितहरुको आत्मसम्मान र आत्मस्वाभिमानको विकास गराउनु पर्दछ साथै समाजलाई जातीय विभेद र छुवाछुत मुक्त पार्ने अभ्यास गर्नु पर्दछ ।

अध्ययन गरिएका संस्थागत विद्यालयका माध्यमिक तहमा अध्ययनरत दलित विद्यार्थीहरुको शैक्षिक क्रियकलापहरुलाई अध्ययन गर्दा उनीहरुको सिकाइ गैर दलितभन्दा निम्न स्तरमा रहेको पाइयो । उक्त तथ्यलाई मध्यनजर गरी दलित विद्यार्थीहरुलाई शैक्षिक क्रियाकलापमा सहभागी हुन, अव्वल नतिजा ल्याउन र उपलब्धि हासिल गर्न विद्यालयका शिक्षकहरु, प्र. अ. र गैर दलित विद्यार्थीहरुले उनीहरुलाई प्रोत्साहन गर्ने, उत्प्रेरित गर्ने र विभेद रहित व्यवहार गर्नु पर्दछ ।

दलित विद्यार्थीहरुको भर्नाको स्थिति अत्यन्तै न्यून भएकोले उनीहरुको भर्नाको संख्या बढाउन संस्थागत विद्यालयहरुले दलित समुदायमा गई शिक्षाको महत्व बुझाउने, चेतनामूलक कार्यक्रमहरु गर्ने र अझ धेरै सामाजिक दायित्व बोध गरी सकेसम्म धेरै दलित विद्यार्थीहरुलाई भर्ना गरी आफूले सक्ने सुविधा दिनुपर्दछ ।

संस्थागत विद्यालयका निम्न माध्यमिक तह पूरा गरी पढाइ छाड्ने दलित विद्यार्थीहरुलाई माध्यमिक तहमा पढ्ने मौका प्रदान गर्न र सिकाइ अभिवृद्धि गर्न संस्थागत विद्यालयका सरोकारवालाहरुले विभिन्न गोष्ठी र सेमिनार गरी दलित विद्यार्थीको पक्षमा नीति बनाउन सरकारसंग माग गर्नुपर्दछ ।

संस्थागत विद्यालयहरुका दलित विद्यार्थीहरु माथि न्यून रुपमा भए पनि गैर दलित साथीहरुबाट जातको नाममा दुर्व्यवहार भएको पाइएकोले विद्यालयलाई जातिय विभेदरहित बनाउन विद्यालय सम्वद्ध सम्पूर्ण पक्षले इमान्दार भई अगाडि बढ्नु पर्दछ ।

### ५.३.३. अनुसन्धनात्मक तह

संस्थागत विद्यालयमा दलित विद्यार्थीहरुको सम्लग्नता बढाउन संस्थागत विद्यालयसँग सम्बद्ध सरोकारवालाहरुबाट सेमिनार, छलफल आदि संचालन गरी विद्यार्थीको पहुँच बढाउन र विद्यार्थी सम्लग्न हुन नसक्ने कारक तत्वहरुको विश्लेषण गरी निराकरण गर्न पहल गर्नु पर्दछ ।

संस्थागत विद्यालय सरकारको आर्थिक आम्दानीको ठूलो स्रोत ठानिएको परीप्रेक्ष्यमा सरकारी निकायहरुबाट पनि संस्थागत विद्यालयमा दलित बालबालिकाको पहुँच बढाउन विभिन्न प्रकारका अन्वेषण, अनुसन्धान तथा खोज गर्न आवश्यक आर्थिक, भौतिक एवं प्राज्ञिक सहयोगको व्यवस्था मिलाउनु पर्दछ ।

दलित उत्थानका लागि स्थापना भएका गैर सरकारी संस्थाहरुले संस्थागत विद्यालयमा दलित बालबालिकाको पहुँच वृद्धि गर्न दलित समुदायमा गई उनीहरुको वास्तविक समस्याहरु पहिचान गर्न अनुसन्धानमूलक कार्यहरु गर्नु पर्दछ ।

विभिन्न विश्वविद्यालयमा अध्ययनरत विभिन्न तहका शोधार्थीहरुले दलितसँग सम्बन्धित आफ्नो शोध कार्य सम्पन्न गर्न दलित समुदाय र वस्तीमा गई तथ्यांङ्क, सूचना र प्रतिक्रिया लिई यथार्थ धरातलमा अनुसन्धान गर्नु पर्दछ ।

समाजका स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षासेवी तथा राज्यका स्थानीय इकाइले दलित बालबालिकाको संस्थागत विद्यालयमा पहुँच वृद्धि गर्न सर्वेक्षण र अनुसन्धान गरी संस्थागत विद्यालयमा बढी भन्दा बढी दलित विद्यार्थीहरु सहज रुपमा पढ्न पाउने वातावरण सिर्जना गर्नु पर्दछ ।

## सन्दर्भ सामग्रीहरु

१. आहुती (२०६७), *नेपालमा वर्णव्यवस्था र वर्ग-संघर्ष,* ललितपुर : समता फाउण्डेसन ।

२. कोइराला, विद्यानाथ, खड्का, राजन र बराल, राजकुमार (स.) (२०६३), *राज्यको पुनः संरचना दलित सहभागिता,* काठमाण्डौ : सम्पादक ।

३. कोइराला, विद्यानाथ (२०६८), *शिक्षामा वैकल्पिक चिन्तन,* काठमाण्डौ : एफो नेपाल ।

४. कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५७), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

५. खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

६. गौतम, हरी (२०६७), *झापा दिग्दर्शन,* काठमाण्डौ : ओरीएन्टल पब्लिकेशन प्रा. लि. ।

७. ढकाल, माधवप्रसाद (२०५८), *शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,* काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार ।

८. थपलिया, विमलादेवी (२०६७), *दलित बालबालिकाहरुको शैक्षिक अवस्था* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाण्डौ शिक्षा क्याम्पस : काठमाण्डौ ।

९. *नेपालको अन्तरीम संविधान (२०६३),* काठमाण्डौ : मकालु प्रकाशन गृह ।

१०. *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु (२०६६)* काठमाण्डौ : मकालु प्रकाशन गृह ।

११. *नेपाली वृहत शब्दकोष,* २०६० (पाँचौ संस्करण), काठमाण्डौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

१२. पन्त, प्रत्यूष, भट्ट, प्रमोद तथा साथीहरु (स.) (२०५८), *छापामा दलित,* काठमाण्डौ : एकता बुक्स ।

१३. पाण्डेय, मधुसुदन (२०६५), *नेपालका पिछडा वर्गहरु,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

१४. विष्ट, उद्धव (२०६७), *विद्यालय सञ्चालन : अबको चिन्तन,* विराटनगर : खोटाङ्ग चुम्लुङ्ग सम्झना समाज ।

१५. भट्ट, मञ्जु (२०६६), *माध्यमिक विद्यालयमा दलित तथा गैर दलित छात्राहरुको उपलब्धि स्तर* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सानोठिमी क्याम्पस : भक्तपुर ।

१६. भट्ट, विजयलक्ष्मी (२०६७), *विद्यालय शिक्षामा दलित बालबालिकाको पहुँच* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), श्री जनज्योति बहुमुखी क्याम्पस : महेन्द्रनगर ।

१७. भेटुवाल, उमराज (२०६६), *कुमाल जातिका बालबालिकाहरुको शैक्षिक स्थिति - एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्र रत्न : ताहचल, काठमाण्डौ ।

१८. लाम्गादे, भोजमान (स.) (२०६१) *नेपालमा दलित मावन अधिकारको अवस्था, २००४ र कानुनी व्यवस्था,* काठमाण्डौ : जनउत्थान प्रतिष्ठान ।

१९. लोहनी, शङ्कर प्रसाद, चालिसे होमनाथ (२०६१), *नेपालको जनसंख्या,* काठमाण्डौ : भुँडीपुराण प्रकाशन ।

२०. शर्मा चिरञ्जिवी (२०६१), *शिक्षाका आधारहरु,* काठमाण्डौ : एम. के. पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स ।

२१. *शिक्षा ऐन (२०२८), शिक्षा नियमावली, २०५९ (छैटौं संशोधन),* (२०६७), काठमाण्डौ : वौद्धिक दर्पण प्रकाशन ।

२२. सेरीड (१९९७), *दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरु,* काठमाण्डौ : सेरीड ।

२३. क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (२०६०), *नेपालको इतिहास,* काठमाण्डौ : एसिया पब्लिकेशन ।

२४. Wagley, M.P.(Ed.) (1995). *Reasearch Methods in education & social sciences.* Kathmandu : Ganesh Himal publication.